मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ • अंक १९६ • २०८३ साल जेष्ठ २१ गते बिहीबार • Thursday 04, June 2026 • सूर्योदयः बिहान ०५:११ बजे • सूर्यास्तः साँझ ०६:५६ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## मन्त्रालय घटाउन कार्यदल गठन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले मन्त्रालयहरूको संख्या घटाउने सम्बन्धमा अध्ययन तथा सुझाव दिन कार्यदल गठन गरेको छ । मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरेको हो।

कार्यदलको सदस्यमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी सचिव पार्वती शर्मा र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेल रहेका छन् । सत्ता समीकरण परिवर्तनपछि सत्ता साझेदार दलहरूबीच भएको १५ बुँदे सहमतिअनुसार मन्त्रालयको संख्या घटाउने विषय समेटिएको थियो।

सोही सहमति कार्यान्वयन गर्ने उद्देश्यसहित कार्यदल गठन गरिएको जनाइएको छ।

हाल मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १२ वटा मन्त्रालय रहेका छन् । सहमतिअनुसार मन्त्रालयको संख्या घटाएर ९ वटामा सीमित गर्ने तयारी छ।

## जनकपुरधाम उपमहानगरको इन्धनदेखि विभिन्न सुविधामै करोडौँ खर्च



**मधेशदृष्टि**
**जनकपुरधाम।**
महालेखापरीक्षकको कार्यालयको ६३औँ वार्षिक प्रतिवेदनले जनकपुरधाम उपमहानगरपालिकाको आर्थिक व्यवस्थापनमा विभिन्न कमजोरी औँल्याएको छ। प्रतिवेदनअनुसार उपमहानगरपालिकाले गत आर्थिक वर्ष २०८१÷८२ मा इन्धन, सवारी साधन मर्मत तथा जनप्रतिनिधिको सेवा–सुविधामा ठूलो रकम खर्च गरेको देखिएको हो।

प्रतिवेदनले उपमहानगरपालिकाले एक वर्षमै इन्धनमा ३ करोड ३ लाख रुपैयाँभन्दा बढी खर्च गरेको उल्लेख गरेको छ । दैनिक औसतमा यो खर्च करिब ८३ हजार रुपैयाँभन्दा माथि पर्न जान्छ।

महालेखाले इन्धन खर्चको अभिलेख व्यवस्थापन व्यवस्थित नभएको तथा विद्युतीय लेखा प्रणाली (पाम्स)मा सबै विवरण समावेश नगरिएको जनाएको छ।

इन्धन वितरण गर्दा कार्य सञ्चालन निर्देशिकाले तोकेको मापदण्डसमेत पूर्ण रूपमा पालना नभएको प्रतिवेदनमा उल्लेख छ। कार्यालयका कर्मचारीलाई इन्धन सुविधा उपलब्ध गराउँदा आवश्यक कागजात, जस्तै सवारी दर्ता प्रमाणपत्र र चालक अनुमतिपत्रको प्रतिलिपि संकलन तथा अभिलेखीकरणमा कमजोरी देखिएको महालेखाको निष्कर्ष छ।

उपमहानगरपालिकाले इन्धन खर्चमध्ये झन्डै १५ लाख रुपैयाँ पदाधिकारीहरूको प्रयोजनमा तथा बाँकी रकम कार्यालय सञ्चालन र अन्य काममा खर्च गरिएको जनाएको छ।

महालेखाको प्रतिवेदनअनुसार उपमहानगरपालिकासँग विभिन्न प्रकारका सवारी साधन तथा उपकरणहरूको ठूलो संख्या रहेको छ। सफारी गाडी, टिपर, ट्र्याक्टर, ब्याकुलोडर, दमकल, एम्बुलेन्सदेखि मोटरसाइकलसम्मका सवारी साधन उपमहानगरसँग छन् । तर स्थानीय स्रोतका अनुसार केही सवारी साधन लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेको बताइन्छ । यस्तो अवस्थामा पनि इन्धन तथा मर्मत खर्च ठूलो देखिनुले खर्चको प्रभावकारितामाथि प्रश्न उठेको छ।

उपमहानगरपालिकाले गत आर्थिक वर्षमा सवारी साधन तथा उपकरण मर्मतमा मात्रै १ करोड ४८ लाख रुपैयाँभन्दा बढी खर्च गरेको देखिएको छ । तर मर्मत कार्यसम्बन्धी स्थायी अभिलेख, लगसिट तथा विवरण व्यवस्थित नराखिएको महालेखाले जनाएको छ । कतिपय सवारी साधन पटक–पटक मर्मत गरिएको देखिए पनि त्यसको आवश्यकता र उपलब्धिबारे स्पष्ट विवरण नभएको प्रतिवेदनमा उल्लेख छ।

महालेखाले केही अवस्थामा मर्मत कार्य गर्ने फर्म वा कम्पनीलाई सिधै भुक्तानी नगरी कर्मचारीकै नाममा रकम भुक्तानी गरिएको तथ्य पनि औँल्याएको छ।

त्यसैगरी, जनप्रतिनिधिहरूको सेवा–सुविधा खर्च पनि उल्लेख्य देखिएको छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ अनुसार आर्थिक वर्ष २०८१÷८२ मा पदाधिकारीहरूले विभिन्न शीर्षकमा कुल ३ करोड १८ लाख ७७ हजार रुपैयाँ सुविधा लिएको प्रतिवेदनमा उल्लेख छ।

यातायात सुविधा, मोबाइल तथा टेलिफोन, इन्टरनेट, अतिथि सत्कार, बैठक भत्ता र दशैँ खर्च शीर्षकमा ठूलो रकम व्यय भएको देखिन्छ । महालेखाका अनुसार यो रकम उपमहानगरपालिकाको कुल आन्तरिक आम्दानीको करिब १९.३६ प्रतिशत बराबर हो।

प्रतिवेदनले स्थानीय तहमा सुशासन, पारदर्शिता र वित्तीय अनुशासन कायम गर्न इन्धन वितरण प्रणाली, डिजिटल अभिलेख व्यवस्थापन, मर्मत विवरण तथा सेवा–सुविधा खर्चलाई थप व्यवस्थित र मितव्ययी बनाउन सुझाव दिएको छ।

सीमित स्रोतसाधनबीच विकास निर्माणको आवश्यकता बढिरहेका बेला प्रशासनिक तथा सुविधा खर्चको बढ्दो आकारले स्थानीय तहको खर्च व्यवस्थापनबारे थप बहस सिर्जना गरेको छ।

## गुठीको जग्गामा संचालित विद्यालयमा ताल्चा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
चिल्ड्रेन होलि प्लेस हाई स्कुलमा ताल्चा लगाएपछि ६ सय ५० भन्दा बढी विद्यार्थीको पठनपाठन प्रभावित भएको भन्दै विद्यालय प्रशासनले हस्तक्षेपका लागि प्रशासनसमक्ष गुहार गरेको छ।

जनकपुरधाम उपमहानगरपालिका–८ स्थित गुठी संस्थानअन्तर्गत रसिक निवासको जग्गामा सञ्चालन हुँदै आएको विद्यालयका सञ्चालक अजयकुमार यादवले विद्यालयको सुरक्षा, ताल्चा खुलाउने व्यवस्था तथा संलग्नमाथि कानुनी कारबाहीको माग गरेका हुन्।

विद्यालय पक्षका अनुसार उक्त विद्यालय विगत १७ वर्षदेखि सञ्चालनमा रहेको छ । हाल करिब ६५० विद्यार्थी अध्ययनरत रहेको र विद्यालय भवन, भौतिक पूर्वाधार तथा शैक्षिक वातावरण निर्माणमा तीन करोड रुपैयाँभन्दा बढी लगानी गरिएको दाबी गरिएको छ।

सञ्चालक यादवले रसिक निवास गुठीका संरक्षक अवधेश पोखरेलसँग करार गरी विद्यालय सञ्चालन गर्दै आएको बताए । उनका अनुसार धरौटीस्वरूप २२ लाख रुपैयाँ बुझाइएको थियो भने मासिक ५० हजार रुपैयाँ भाडासमेत तिर्दै आएको छ।

तर, पोखरेलले कुनै आधिकारिक अधिकारपत्र वा कानुनी सम्झौता प्रस्तुत नगरी विद्यालयमाथि दबाब सिर्जना गरेको आरोप विद्यालय प्रशासनको छ। विद्यालय पक्षले गुठीको जग्गा बिक्री गर्ने प्रस्ताव अस्वीकार गरेपछि अनाधिकृत रूपमा कब्जा गर्ने प्रयास भएको दाबी गरेको छ।

विद्यालयमा ताल्चा लगाएपछि कम्प्युटर, फर्निचर, जेनेरेटर, विद्यालय बस, पुस्तकालय सामग्री, आर्थिक अभिलेख तथा महत्वपूर्ण कागजातको सुरक्षामाथि समेत चिन्ता बढेको सञ्चालक यादवले बताएका छन्।

घटनापछि अभिभावक र विद्यार्थीमा अन्योल बढेको छ भने विद्यालय प्रशासनले तत्काल समस्या समाधान गरी शैक्षिक वातावरण पुनःस्थापित गर्न प्रशासनसँग माग गरेको छ।

## डकैतीको आतंकः प्रतिवाद गर्दा दम्पतीमाथि गोली प्रहार

**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको सोनमा गाउँपालिका–३ खखनामा गएराति भएको डकैती घटनामा एक दम्पती गोली लागेर घाइते भएका छन्।

प्रहरीका अनुसार मंगलबार राति ५–६ जनाको समूहमा आएका डाँकाहरू घरभित्र प्रवेश गरेका थिए। प्रतिवाद गर्ने क्रममा उनीहरूले गोली चलाउँदा २७ वर्षीय ईश्वरनारायण यादव र उनकी २२ वर्षीया श्रीमती किरण यादव घाइते भएका हुन्।

गोली लागेर किरणको घुँडामा तथा ईश्वरनारायणको काँध र छातीको बीच भागमा चोट लागेको बताइएको छ । घाइते ईश्वरनारायणका अनुसार डकैतहरूले राति सुतिरहेको अवस्थामा घरमा प्रवेश गरी आँखामा पट्टी बाँधेका थिए । त्यसपछि निर्घात कुटपिट गर्दै गोली प्रहार गरिएको उनले बताएका छन्।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक श्यामकुमार सारु मगरले डकैतहरूसँगको प्रतिवादका क्रममा दम्पती घाइते भएको जानकारी दिएका छन् । उनका अनुसार घाइतेहरूसँग प्रारम्भिक बयान लिइसकिएको छ भने घटनाबारे अनुसन्धान अघि बढाइएको छ।

घाइते दुवैलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि जानकी हेल्थ केयरमा भर्ना गरिएको प्रहरीले जनाएको छ।

घटनास्थल नजिकै रघुनाथ प्रहरी चौकी, सम्सी प्रहरी चौकी तथा सशस्त्र प्रहरीको क्याम्प रहे पनि डकैती भएको घटनाले स्थानीयवासी आक्रोशित बनेका छन्।

प्रहरीले घटनास्थलबाट एक थान गोलीको खोका बरामद गरेको जनाएको छ । घटनामा संलग्न व्यक्तिहरूको खोजी कार्य जारी रहेको प्रहरीले बताएको छ।

## एक महिनादेखि बेपत्ता सशस्त्र प्रहरी असई र युवती काभ्रेमा मृत फेला




**मधेशदृष्टि**
**वीरगंज।**
करिब एक महिनादेखि सम्पर्कविहीन रहेका सशस्त्र प्रहरी बलका एक असई र एक युवती काभ्रेपलाञ्चोकको सामुदायिक वनभित्र रुखमा झुण्डिएको अवस्थामा मृत फेला परेका छन् । मृतकहरू पर्साको बहुदरमाई नगरपालिका–८ रामनगरी निवासी सशस्त्र प्रहरी बलका असई शक्ति राम र कैलालीको घोडाघोडी नगरपालिका–१ की २६ वर्षीया शर्मिला चौधरी रहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार पाँचखाल नगरपालिका–३ स्थित ठूली सामुदायिक वनमा बुधबार बिहान दुवै जनाको शव फेला परेको हो। वन समितिका सदस्यहरू खोटो संकलन तथा नियमित अनुगमनका क्रममा जंगल पुगेका बेला रुखमा झुण्डिएको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटनास्थलमा पुगेको प्रहरी टोलीले दुवै जना छुट्टाछुट्टै पासोमा झुण्डिएको र शव अत्यधिक सडिसकेको अवस्थामा भेटिएको जनाएको छ। लामो समय बितिसकेकाले शवका केही अंग छुट्टिएर भुइँमा खसेको अवस्था समेत देखिएको प्रहरीले बताएको छ।

प्रहरीले घटनास्थलबाट बरामद भएका कपडा, कागजात तथा परिवारजन र आफन्तबाट प्राप्त जानकारीका आधारमा मृतकहरूको पहिचान पुष्टि गरेको जनाएको छ । शक्ति राम सशस्त्र प्रहरी बलको १५ नम्बर हेडक्वाटर पाँचखालमा कार्यरत थिए। उनी वैशाख १९ गते दुई दिनको बिदामा निस्किएका थिए। त्यसअघि वैशाख १८ गते शर्मिला चौधरी शक्ति रामलाई भेट्न काभ्रे जाने भन्दै घरबाट निस्किएकी थिइन्।

दुवै जना लामो समयसम्म सम्पर्कमा नआएपछि परिवारले खोजी प्रक्रिया अघि बढाएका थिए। शक्ति रामका परिवारजनले वैशाख २१ गते सशस्त्र प्रहरी बलको १५ नम्बर हेडक्वाटरमा खोजतलासका लागि निवेदन दिएका थिए भने शर्मिलाका भाइ रञ्जित चौधरीले वैशाख २५ गते प्रहरी वृत्त बालाजुमा खोजीका लागि निवेदन दर्ता गरेका थिए। घटनाबारे विस्तृत अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ। दुवै शव पोस्टमार्टमका लागि धुलिखेल अस्पतालमा राखिएको छ।

## कर्जा दुरुपयोग आरोपमा जानकी मेडिकल कलेजका सञ्चालक पाण्डे पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले बैंक कर्जा दुरुपयोग गरेको आरोपमा ओमप्रसाद पाण्डेलाई पक्राउ गरेको छ।

सीआईबीका अनुसार महोत्तरीको बर्दिबास नगरपालिका–६ मा ‘इन्स्टिच्युट अफ एग्रिकल्चर, फरेस्ट एन्ड भेटेरिनरी साइन्सेस प्रालि’ नामक कृत्रिम व्यवसाय (शेल कम्पनी) स्थापना गरी प्रभु बैंकबाट कर्जा लिइएको थियो।

प्रहरीले विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बिना तथा धितोको अस्वाभाविक रूपमा उच्च मूल्यांकन गरी कर्जा स्वीकृत गराइएको आरोप लगाएको छ। सीआईबीका अनुसार लिएको कर्जा तोकिएको प्रयोजनमा प्रयोग नगरी अन्यत्र खर्च गरिएको तथा पटक–पटक दुरुपयोग गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। प्रहरीले यो कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसुर भएको जनाएको छ।

काठमाडौँ महानगरपालिका–९ रातोपुल निवासी पाण्डे राम जानकी हेल्थ फाउन्डेसन का सञ्चालक समिति अध्यक्ष हुनुका साथै उक्त कम्पनीका एकल सञ्चालक समेत रहेको प्रहरीले जनाएको छ । उनी जानकी मेडिकल कलेजका अध्यक्ष पनि हुन्।

उच्च अदालत पाटनबाट २०८२ मंसिर २८ गते पक्राउ पुर्जी जारी भएपछि सीआईबीको टोलीले बुधबार उनलाई क्षिरेश्वरनाथ नगरपालिका–१ रमदैया स्थित जानकी मेडिकल कलेज परिसरबाट पक्राउ गरेको जनाएको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

## न्याय प्रणालीको सुधार गर्न बार र बेन्च सहकार्य जरुरी छः प्रधानन्यायाधीश



**काठमाडौँ।**
प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले न्याय प्रणालीको सुदृढीकरणका लागि बार र बेन्चको सहकार्य जरुरी भएको बताएका छन् । सर्वोच्च अदालत बार एसोसिएसनले बुधबार उनको स्वागत तथा पूर्वप्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको बिदाइ कार्यक्रममा उनले न्याय क्षेत्रको सुधारका लागि बार र बेन्चबीच सहकार्य हुँदा न्याय सम्पादन सहज हुने बताए। ‘विधिको शासन, संविधान, मानव अधिकार संरक्षणमा सर्वोच्च बारको महत्वपूर्ण भूमिका हुन्छ,’ प्रधानन्यायाधीश शर्माले भन्नुभयो, ‘बेन्च र बार एकापसमा मिलेर काम गर्नुपर्छ ।’ पूर्वप्रधानन्यायाधीश राउतले बार र बेन्चबीच सुमधुर सम्बन्ध विगतदेखि नै रहिआएको र सर्वोच्चमा मुद्दा संख्या बढ्दै गएकाले त्यसलाई घटाउनेतर्फ ध्यान दिन सुझाव दिए । नेपाल बार एसोसिएसनका अध्यक्ष विजयप्र्रसाद मिश्रले न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदन तत्काल कार्यान्वयन हुनुपर्नेमा जोड दिए।

# आकस्मिक सेवा दिनुपर्ने बिरामीको मात्र उपचार गर्न बीमा बोर्डको निर्देशन

**काठमाडौं।**
स्वास्थ्य बीमा बोर्डले निजी स्वास्थ्य संस्था (अस्पताल)लाई आकस्मिक सेवा आवश्यक पर्ने बिरामीको बिमा सुविधाअन्तर्गत उपचारको प्रबन्ध मिलाउन निर्देशन दिएको छ।

बोर्डका वरिष्ठ मेडिकल सुपरिन्टेन्डेन्ट डा पवनकुमार साहले कुनै पनि बिरामीलाई आकस्मिक उपचार गर्नुपर्ने देखिएमा मात्र बीमाअन्तर्गतका स्वास्थ्य सेवा प्रदान गर्न निर्देशन दिइएको बताएका हुन्।

बोर्डले यही जेठ १६ गतेबाट वित्तीय स्रोतको अभावलाई मध्यनजर गर्दै अर्को निर्णय नभएसम्मका लागि बीमा कार्यक्रममा आबद्ध निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिकबाहेक सबै स्वास्थ्य सेवा स्थगित गरेको थियो।

बोर्डले बीमामा भार पर्नेगरी सामान्य प्रकृतिका बिरामीलाई आकस्मिक उपचार सेवा प्रदान नगर्न आग्रहसमेत गरेको थियो । त्यसैगरी, सेवाग्राहीलाई समेत सेवा प्रदायक संस्था तथा स्वास्थ्यकर्मीमाथि अनावश्यक दबाब सृजना गरेर आवश्यकताबाहेकका अवस्थामा पनि सेवा गर्न बाध्य नपार्न आग्रहसमेत गरिएको छ । बोर्डमा आबद्ध भई ३६ वटा निजी अस्पतालले बिमितलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएका छन्। रासस

# सरकारी अस्पतालमा बिग्रिएका उपकरण राष्ट्रिय आविष्कार केन्द्रमार्फत मर्मत गर्न छलफल



**काठमाडौं।**
सरकारी अस्पतालहरूमा प्रयोगविहीन अवस्थामा रहेका तथा बिग्रिएका स्वास्थ्य उपकरणहरूको पहिचान गरी मर्मत सम्भार गरेर पुनः सञ्चालनमा ल्याउन सरकारले पहल सुरु गरेको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री र राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक महावीर पुनबीच देशभरीका सरकारी अस्पतालहरूमा रहेका बिग्रिएका स्वास्थ्य उपकरणहरूको अवस्था पहिचान गर्ने, तिनको प्राविधिक मूल्याङ्कन गर्ने तथा राष्ट्रिय आविष्कार केन्द्रमार्फत मर्मत सम्भार गरी पुनः सञ्चालनमा ल्याउने विषयमा समन्वय र सहकार्य गर्नेबारे कुराकानी भएको मन्त्रालयले जनाएको छ।

छलफलका क्रममा अस्पतालहरूमा उपलब्ध उपकरणहरूको प्रभावकारी उपयोगमार्फत स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न आवश्यक सहकार्य अगाडि बढाउने विषयमा समेत सहमति भएको बताइएको छ। यस पहलबाट लामो समयदेखि प्रयोगविहीन रहेका स्वास्थ्य उपकरणहरू पुनः सञ्चालनमा आउँदा सरकारी अस्पतालहरूको सेवा प्रवाहमा सुधार हुने तथा बिरामीले सहज रूपमा स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ। रासस

# लुम्बिनी सरकारः
## एमालेका चार मन्त्रीहरूले दिए सामुहिक राजीनामा




**रुपन्देही।**
लुम्बिनी प्रदेश सरकारका एमाले मन्त्रीहरूले सामुहिक राजीनामा दिएका छन्।

एमालेका तर्फबाट सरकारमा सहभागी चार मन्त्रीले लिखित राजीनामा दिएका हुन्।

प्रदेशमा एमालेबाट भूमिश्वर ढकाल, दिनेश पन्थी, खेम सारु मगर र सीता शर्मा चौधरी मन्त्री रहेका छन्। यो प्रदेशमा एमालेकै चेतनारायण आचार्य मुख्यमन्त्री छन्। एमालेले पुराना मन्त्री फिर्ता बोलाएर नयाँ नियूक्त गर्न लागेको बुझिएको छ।

# १० महिनामा २० अर्ब ७९ करोडको खाद्यान्न आयात

**वीरगंज।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रु २० अर्ब ७९ करोड मूल्यको खाद्यान्न आयात भएको छ। गत आवको सोही अवधिको तुलनामा चालु आवमा यो नाका हुँदै हुने आयात मूल्यमा रु तीन अर्ब ८७ करोड अर्थात् १५ प्रतिशतले गिरावट आएको वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले जानकारी दिए।

गत आवको १० महिनामा यहाँबाट रु २४ अर्ब ६६ करोड मूल्य पर्ने १६ थरिका खाद्यान्न आयात गरिएको थियो।

चालु आवमा रु १० अर्ब ९४ करोड मूल्य पर्ने धान, रु पाँच अर्ब ३१ करोड मूल्यको मकै आयात र रु दुई अर्ब ८५ करोडको चामल आयात भएको छ।

यसैगरी रु ५९ करोड मूल्यको माल्ट र रु ३३ करोड मूल्य बराबरको फापर, कोदो र अन्य खाद्यान्न आयात भएको सूचना अधिकारी विष्टले जानकारी दिए।

# दुई वर्षदेखि तलब नपाएको भन्दै आन्दोलन

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको कटहरिया नगरपालिकाका करार र ज्यालादारी कर्मचारीले तलब नपाएको करिव २ बर्ष पुगेको छ । कटहरिया नगरपालिकामा कार्यरत करार र ज्यालादारी कर्मचारीहरूले लामो समयदेखि तलब नपाएको भन्दै गत जेठ ११ गतेदेखि आन्दोलन जारी राखेका छन्।

आन्दोलनरत कर्मचारीहरुले सुरुमा प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद पन्तको कार्यकक्ष बाहेक अन्य सबै कक्षमा तालाबन्दी गरेका थिए । समस्या समाधानतर्फ कुनै पहल नभएको भन्दै गत सोमबारदेखि कर्मचारीहरूले प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा समेत तालाबन्दी गरेका छन् । लामो समयदेखि तलब नपाउँदा आफुहरू आर्थिक तथा मानसिक समस्यामा परेको कर्मचारीहरूले बताएका छन्।

# सांस्कृतिक सम्पदाका प्रतीकका साथ नेपाल प्रदर्शनीमा सहभागी



**काठमाडौँ ।**
सांस्कृतिक महत्वका सम्पदाका प्रतीकका साथ नेपाल अन्तरराष्ट्रिय प्रदर्शनीमा सहभागी भएको छ । सांस्कृतिक विविधता, मित्रता र मानवीय एकताको भावनालाई प्रवद्र्धन गर्ने उद्देश्यका साथ संयुक्त राष्ट्रसङ्घको प्रतिनिधिमण्डलका जीवनसाथीको क्लब (युएनडिएससी)ले आज न्युयोर्कमा आयोजना गरेको वार्षिक युएन इन्टरनेशनल बजारमा संयुक्त राष्ट्रसङ्घका लागि न्युयोर्कस्थित नेपालको स्थायी नियोगले नेपालका समृद्ध सांस्कृतिक सम्पदा तथा मौलिक पहिचानका प्रतीकात्मक सामग्री प्रस्तुत गरेको छ ।

उक्त नियोगका अनुसार बजारमा नेपालले परम्परागत कला, हस्तकला तथा विभिन्न सांस्कृतिक सामग्रीको आकर्षक प्रदर्शनीमार्फत आफ्नो सिर्जनशीलता, सीप र राष्ट्रिय पहिचान झल्काएको थियो । नेपाली स्टलमा राखिएका सामग्रीले आगन्तुकको ध्यान आकर्षित गरेको थियो ।

बजारमा विश्वका विभिन्न मुलुकले आ–आफ्ना मौलिक उत्पादन, परिकार, संस्कृति र परम्परासँग सम्बन्धित सामग्री प्रदर्शन गरेका थिए । उक्त नियोगले संस्कृति, मित्रता र सहानुभूतिमार्फत अझ समावेशी, एकताबद्ध र आपसी सम्बन्धयुक्त विश्व निर्माणमा यस्ता कार्यक्रमको महत्वपूर्ण भूमिका निर्वाह हुने विश्वास व्यक्त गरेको छ । रासस

# तापक्रम बढेसँगै तराईको जनजीवन प्रभावित



**धनुषा।**
दैनिक तापक्रम बढेसँगै मधेस प्रदेशको जनजीवन प्रभावित भएको छ । मधेसका अधिकांश स्थानमा एक सातादेखि ४० डिग्री सेल्सियसभन्दा माथि तापक्रम बढेकाले यहाँको जनजीवनमा नकारात्मक प्रभाव बढ्न गइ ‘लु’ को महामारी फैलिनसक्ने जल तथा मौसम विज्ञान कार्यालय, जनकपुरले सचेत गराएको छ।

‘लु’ का कारण अत्यधिक थकान हुने, कमजोरी हुने, तिर्खा लाग्ने, बेहोस हुने, बान्ता हुनेलगायत जोखिम निम्तन सक्छ। प्रादेशिक अस्पताल जनकपुरका फिजिसियन डा दिग्विजय ठाकुरले ‘लु’ बाट बच्न घरभित्र वा चिसो ठाउँमा रहन, घाममा हिंडडुल नगर्न, हलुका लुगा लगाउन, घर बाहिर निस्कँदा कपडा वा अरू कुराले टाउको छोप्न, पानी र झोल पदार्थ पर्याप्त पिउन सुझाव दिएका छन्।

मधेसमा अत्यधिक गर्मीले विगत केही दिनदेखि दैनिक ज्यालादारी गर्ने मजदुहरुको जनजीवनसमेत कष्टकर बनेको छ । सहरी क्षेत्रमा भने मानिसको चहलपहल निकै कम देखिन्छ। दिउँसोका समयमा घरबाहिर निस्किएर काम गर्न मुस्किल भइरहेको सर्वसाधारणले बताएका छन्।

जल तथा मौसम विज्ञान कार्यालय, जनकपुरका प्रमुख राजीव झाले यस वर्ष समयमा नै मनसुनी वर्षा हुने सम्भावना कम देखिएको बताए । झाले जेठ १८ देखि असोज १३ सम्मको अवधिलाई मनसुनी समय स्वीकारेको भए पनि अहिले जेठ महिना सकिन लाग्दासमेत उखरमाउलो गर्मी छ भने। गर्मीको समयमा पानीको कमीका कारण एलर्जीको समस्या धेरैमा हुने गर्छ । शरीरमा पानी कमी भयो भने शरीरबाट विषाक्त पदार्थ बाहिर आउन सक्दैन।

डा ठाकुरले गर्मीबाट जोगिन तिर्खा नलागे पनि दिनको आठ गिलास पानी पिउन सुझाव दिएका छन् । ठाकुरले पानीका कमीले शरीरमा डिहाइड्रेशनको समस्या आउनसक्ने बताउँदै पानीको पिउनुको सट्टा बियर, कफी, सोडाजस्ता पेयपदार्थ झनै हानिकारक हुने बताए। रासस

# माडीका पर्यटकीयस्थलको प्रचारका लागि गोलघर




**चितवन।**
चितवनको माडी नगरपालिकाले पर्यटकीय क्षेत्रको प्रचारका लागि जिल्ला प्रशासन कार्यालय परिसरमा गोलघर निर्माण गरेको छ। माडी नगरपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रको जानकारी गराउँदै भ्रमणका लागि प्रोत्साहन गर्ने उद्देश्यले प्रशासनसँगको समन्वयमा गोलघर निर्माण गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भुसालले जानकारी दिए।

कार्यालय दैनिक आउने सेवाग्राहीलाई सहजतासँग आफ्ना क्षेत्रको जानकारी दिन मिल्ने गरी गोलघर निर्माण गरिएको उनले बताए। ‘गोलघरमा माडी क्षेत्रका १० वटा पर्यटकीयस्थलको नाम लेखिएको छ । अब ती नामअनुसारका तस्बिर राख्ने गरी तयारी भइरहेको छ’, प्रमुख प्रशासकीय अधिकृत भुसालले भने । गोलघरमा सोमेश्वरगढी, वैकुण्ठधाम, रामधाम, शनिधाम, विराठधुनी, गोद्धकधाम, पर्शुरामकुण्ड, वाल्मीकि आश्रम, भूमि इनार र सेवा त्रिवेणीजस्ता पर्यटकीय क्षेत्रका नाम लेखिएका छन् । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सेवाग्राहीलाई सेवा लिने विश्रामका साथै माडी क्षेत्रका पर्यटकीय क्षेत्रको प्रचारप्रसारका लागि नगरपालिकासँगको सहकार्यमा गोलघर बनाइएको बताए । गोलघरमा माडीका पर्यटकीय दृश्य तस्बिरमा देख्न सकिने गरी व्यवस्थापन गरिएको उनले बताए । यसले सेवाग्राहीलाई विश्राम गर्न सहज हुनुका साथै माडीका पर्यटकीय गन्तव्यको प्रचार एकैसाथ भइरहेको छ, प्रमुख जिल्ला अधिकारी अर्यालले भने। रासस

# निर्वाचनमा व्यहोरेको पराजय ‘गम्भीर धक्का’: पौडेल



**काठमाडौँ।**
नेकपा (एमाले) का उपाध्यक्ष विष्णु पौडेलले पार्टी पुनर्गठनको प्रक्रिया अघि बढाइने बताएका छन्।

बुधबार काठमाडौंमा आयोजित कार्यक्रलाई सम्बोधन गर्दै उनले निर्वाचनमा व्यहोरेको पराजयलाई ‘गम्भीर धक्का’ का रूपमा चित्रण गरे।

पार्टीको पछिल्लो बैठकका निर्णयहरूबारे जानकारी दिंदै उपाध्यक्ष पौडेलले निर्वाचनमा प्राप्त परिणामका आन्तरिक र बाह्य कारणहरूको गम्भीर समीक्षा भइरहेको पनि बताए।

‘अहिले हामीले जुन प्रकारको धक्का व्यहोरेका छौँ। असफलता व्यहोरेका छौँ, अघि पनि मैले भनेँ, यो असफलता र धक्कालाई हामी अस्थायी धक्काका रूपमा लिएर स्थायी सफलतामा परिणत गर्न चाहन्छौँ। हो, त्यसै भएर हामीले विगतमा निर्वाचनपछिको परिस्थिति जस्तो परिस्थिति हामीसँग उपलब्ध थियो, त्यो परिस्थितिलाई सदुपयोग गर्दै वास्तवमा पार्टीका केही गम्भीर बैठकहरू बसेका छौँ,’ उनले भने।

# साफ च्याम्पियनसिपः सेमिफाइनलमा नेपाल बंगलादेशसँग २–१ ले पराजित



काठमाडौं।
अन्तिम समयमा सम्हालिन नसक्दा बंगलादेशसँग २–१ ले पराजित हुँदै नेपाल दक्षिण एसियाली फुटबल महासंघ (साफ) महिला च्याम्पियनसिपको सेमिफाइनलबाट बाहिरिएको छ। बुधबार भारतको गोवास्थित जवाहरलाल नेहरु रंगशालामा अग्रतालाई जोगाउन नसक्दा नेपाल निरास बनेको हो।

खेलेको २३औँ मिनेटमा नेपालले अग्रता लिएको थियो। दीपा शाहीको कर्नरमा बनेको मुभमा गीता रानाले बललाई जाली चुमाएकी थिइन्।

पहिलो हाफको इन्जुरी समयमा रितु पोर्ना चक्माले बंगलदेशका लागि बराबरी गोल फर्काइन्। उनको कर्नर प्रहार सिधै गोलमा परिणत भएको थियो।

खेलको इन्जुरी समयमा सागोरिकाको गोलमार्फत बंगलादेशले २–१ को अग्रता लिएको थियो। उनले शामसुन्नाहरको क्रसलाई जाली चुमाइन्।

दुवै टोलीले पाएका केही अवसरलाई सदुपयोग गर्न सकेनन्। दीपाकै कर्नरमा ३४औँ मिनेटमा रश्मीकुमारी घिसिङको हेडरलाई बंगलादेशकी गोलकिपर मिली अख्तरले सहजै नियन्त्रणमा लिइन्। नेपालले खेलको ३६औँ मिनेटमा अग्रता दोब्बर गर्ने अवसर गुमायो। प्रीति राईको प्रहार क्रस बारमा लागेर फर्किएको थियो।

सरु लिम्बूको प्रहार क्रस बार नजिकैबाट बाहिरिँदा ६९औँ मिनेटमा नेपालले अग्रता लिने अवसर गुमायो। कप्तान तथा गोलकिपर एन्जिला तुम्बाप्पो सुब्बाले ७९औँ मिनेटमा उत्कृष्ट बचाउ गर्दै नेपालको संकट टारिन्। साफ च्याम्पियनसिपको इतिहासमा नेपाल दोस्रोपटक फाइनलमा नदेखिने भएको हो।

यसअघि टोली सन् २०१६ मा पनि फाइनल पुग्न सकेको थिएन। पछिल्ला दुई संस्करणको च्याम्पियन बंगलादेश भने लगातार तेस्रो तथा समग्रमा चौथोपटक फाइनल प्रवेश गरेको हो। अब बंगलादेशले उपाधिका लागि भारत र भुटानबीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ। रासस

# जग्गा विवादले उग्र रूप लिँदा सामुहिक आक्रमण, घटनाको सत्यतथ्य छानविनको माग

**हरिशंकर शर्मा**
**वीरगंज।**

पर्साको वीरगंज महानगरपालिका–१५ भेडियाहीमा पुरानो जग्गा विवादलाई लिएर एक व्यक्तिमाथि ज्यान मार्ने उद्देश्यले सामूहिक आक्रमण गरिएको आरोप लागेको छ । स्थानीय सुकदेव साह तुरहामाथि सोही क्षेत्रका केही व्यक्तिहरूले योजनाबद्ध रूपमा आक्रमण गरेको आरोप परिवारजन तथा आफन्तले लगाएका छन् । पीडित पक्षका अनुसार भिखारी साह सोनारका छोरा तथा आफन्तसहित करिब नौ जनाको समूहले सुकदेव साह तुरहालाई गम्भीर घाइते हुने गरी कुटपिट गरेका हुन्।

घटनामा देव कुमार सर्राफ, ओमराज सर्राफ र गोपाल साह सोनारको विशेष भूमिका रहेको दाबी गरिएको छ । उनीहरूले पूर्व तयारीका साथ आक्रमणको योजना बनाएको आरोप पीडित पक्षको छ । आक्रमणमा संलग्न रहेको आरोप लागेकामध्ये देव कुमार सर्राफ, ओमराज सर्राफ, धिरज सर्राफ, गोपाल साह सोनार, राजकुमार सर्राफ, सन्जय÷सनोज कुमार सर्राफ, मनोज कुमार सर्राफ लगायत रहेका बताइएको छ । यद्यपि घटनाबारे प्रहरीबाट औपचारिक पुष्टि हुन बाँकी रहेको छ।

स्थानीयवासीका अनुसार लामो समयदेखि चल्दै आएको जग्गासम्बन्धी विवादले पछिल्लो घटनालाई जन्म दिएको हुन सक्ने अनुमान गरिएको छ। पीडित सुकदेव साह तुरहाको स्वास्थ्य अवस्थाबारे विस्तृत विवरण सार्वजनिक भइसकेको छैन । घटनाबारे निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न पीडित पक्षले सम्बन्धित निकायसँग माग गरेको छ। यता, प्रहरी प्रशासनले घटनाको अनुसन्धान अघि बढाएको जनाएको छ।

## घटनामा दुई पक्षका फरक दाबी, निष्पक्ष छानबिनको माग





घटनालाई लिएर दुई पक्षबीच परस्पर विरोधाभासी दाबी सार्वजनिक भएपछि घटनाको वास्तविकता पत्ता लगाउन निष्पक्ष अनुसन्धानको माग उठेको छ।

एक पक्षले स्थानीय सुकदेव साह तुरहामाथि पुरानो जग्गा विवादका कारण योजनाबद्ध रूपमा सामूहिक आक्रमण गरी ज्यान मार्ने प्रयास गरिएको आरोप लगाएको छ । पीडित पक्षका अनुसार सोही क्षेत्रका केही व्यक्तिहरूले पूर्व योजना बनाएर सुकदेवमाथि आक्रमण गरेका थिए, जसमा देव कुमार सर्राफ, ओमराज सर्राफ, गोपाल साह सोनारलगायतको संलग्नता रहेको दाबी गरिएको छ।

पीडित पक्षले घटनालाई गम्भीर आपराधिक गतिविधिका रूपमा व्याख्या गर्दै दोषीमाथि कानुनी कारबाहीको माग गरेको छ। उनीहरूका अनुसार पुरानो जग्गासम्बन्धी विवादकै कारण घटना भएको हो र यसबारे निष्पक्ष छानबिन आवश्यक छ। तर घटनापछि सामाजिक सञ्जाल तथा सञ्चार माध्यममा सार्वजनिक भएका विवरणहरू एकपक्षीय रहेको भन्दै स्थानीयवासी तथा आरोपित पक्षले भने फरक धारणा सार्वजनिक गरेका छन् । उनीहरूले घटनालाई योजनाबद्ध आक्रमणका रूपमा चित्रण गरिएको दाबी अस्वीकार गर्दै वास्तविकता अनुसन्धानबाट मात्र बाहिर आउने बताएका छन्।

स्थानीय स्रोतहरूका अनुसार घटनाको दिन सुकदेव साह तुरहाले मादक पदार्थ सेवन गरेका थिए । मेडिकल परीक्षण प्रतिवेदनमा समेत मादक पदार्थ सेवन गरेको उल्लेख रहेको दाबी गरिएको छ। उनीहरूका अनुसार मादक पदार्थ सेवनपछि तुरहा गाउँमा होहल्ला गर्दै गालीगलौज गरिरहेका थिए । स्थानीयहरूको भनाइअनुसार राति करिब ११ बजे तुरहा आफ्नो घरभन्दा करिब २०० मिटर टाढा रहेको गोपाल साह सोनारको घरअगाडि पुगेका थिए। त्यहाँ उनले घरधनीको नाम नै लिएर गालीगलौज गर्न थालेपछि गोपाल साहका छोरा सनोज सर्राफले सम्झाउने प्रयास गरेका थिए।

आरोपित पक्ष तथा स्थानीयवासीका अनुसार त्यसक्रममा कुनै सामूहिक वा योजनाबद्ध आक्रमण नभएको र तुरहा आफैं असन्तुलित भई लड्दा नालामा खसेर टाउकोमा चोट लागेको हो। उक्त घटनालाई ज्यान मार्ने उद्देश्यले गरिएको सामूहिक हमलाका रूपमा प्रचार गरिएको दाबी उनीहरूको छ। घटनासँग जोडिएको भनिएको जग्गा विवादबारे पनि स्थानीयहरूले फरक दृष्टिकोण प्रस्तुत गरेका छन् । उनीहरूका अनुसार विवाद प्रत्यक्ष रूपमा सम्बन्धित पक्षहरूबीच नभई अन्य व्यक्तिहरूबीचको विषय हो, जसलाई घटनासँग जोडेर भ्रम सिर्जना गरिएको छ।

यता, घटनामा संलग्न भएको आरोप लागेकाहरूले आफूमाथिका आरोपहरू पूर्ण रूपमा निराधार रहेको बताएका छन्। उनीहरूका अनुसार सामान्य विवादलाई राजनीतिक प्रभाव, व्यक्तिगत स्वार्थ तथा सामाजिक दबाबका कारण गम्भीर आपराधिक घटनाका रूपमा प्रस्तुत गर्ने प्रयास भइरहेको छ । साथै, एक व्यक्तिसँगको विवादलाई आधार बनाएर परिवारका अन्य सदस्यहरूलाई समेत मुद्दामा तानेर सामाजिक रूपमा बदनाम गर्न खोजिएको आरोप उनीहरूको छ।

घटनाबारे प्रहरी प्रशासनबाट औपचारिक निष्कर्ष सार्वजनिक भइसकेको छैन । त्यसैले दुवै पक्षका दाबी–प्रत्यादाबीबीच सत्य तथ्य पत्ता लगाउन निष्पक्ष अनुसन्धान आवश्यक रहेको स्थानीय सरोकारवालाहरूको भनाइ छ । स्थानीयवासीहरूले सामाजिक सञ्जालमा फैलिएका अपुष्ट सूचना वा एकपक्षीय दाबीका आधारमा निष्कर्षमा नपुग्न आग्रह गर्दै कानुनी प्रक्रियामार्फत वास्तविकता सार्वजनिक गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

# विश्व साइकल दिवसमा ‘बृहत्त साइकल ¥याली’



**मधेशदृष्टि**
**वीरगंज।**

विश्व साइकल दिवसको अवसरमा वीरगंजमा बृहत साइकल ¥याली सम्पन्न भएको छ । भारतीय महावाणिज्य दूतावासको आयोजना तथा वीरगंज साइकल क्लबको सहकार्यमा आयोजित ¥यालीमा विभिन्न संघसंस्था, क्लब तथा साइकलप्रेमीहरूको उत्साहजनक सहभागिता रहेको थियो । महावाणिज्य दूतावास परिसरबाट सुरु भएको ¥याली नेपाल–भारत सीमा क्षेत्रस्थित शंकराचार्य गेट हुँदै वीरगंजका विभिन्न सडकको परिक्रमा गरी सम्पन्न भएको वीरगंज साइकल क्लबका प्रतिनिधि संजय अग्रवालले जानकारी दिए । ¥यालीमा वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवी सहाय मिना, सामाजिक तथा खेलकुद क्षेत्रका प्रतिनिधि, विभिन्न क्लबका सदस्य तथा सर्वसाधारणको सहभागिता रहेको थियो।

कार्यक्रमका सहभागीहरूले साइकल प्रयोगलाई प्रोत्साहन गर्दै स्वस्थ जीवनशैलीको प्रवद्र्धन, वातावरण संरक्षण तथा वायु प्रदूषण न्यूनीकरणका लागि साइकलको महत्वबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले ¥याली आयोजना गरिएको बताएका थिए।

यसैगरि प्रकृति सेवा प्रतिष्ठान, नेपालको आयोजनामा पनि वीरगंजमा जनचेतनामूलक साइकल ऱ्याली सम्पन्न भएको छ। जीवन ज्योति स्कुलको सहकार्यमा आयोजित ¥याली रानिघाटबाट सुरु भई नगरका विभिन्न क्षेत्रको परिक्रमा गर्दै पुनः विद्यालय परिसरमा पुगेर समापन भएको थियो।

# पर्सामा रासायनिक मलको अभाव




**मधेशदृष्टि**
**वीरगंज।**

धान खेतीको मुख्य सिजन सुरु भएसँगै पर्सा जिल्लामा रासायनिक मलको अभाव चर्किएको छ । विशेषगरी धानको बीउ छर्ने तथा रोपाइँको तयारी गर्ने समयमा आवश्यक पर्ने डिएपी मल बजार र सरकारी बिक्री केन्द्रहरूमा उपलब्ध नभएपछि किसानहरू समस्यामा परेका छन्।

हरेक वर्ष दोहोरिने मल अभावको समस्या यस वर्ष पनि उस्तै देखिएको छ। सरकारी अनुदानको मल समयमै नपाउँदा किसानहरू महँगो मूल्य तिरेर भारतबाट मल खरिद गर्न बाध्य भएका छन् । यसले खेतीको लागत बढाउनुका साथै किसानको आर्थिक भार पनि थपिएको छ।

खेतीको समयमा आवश्यक मल नपाउँदा भारतीय बजारबाट प्रतिकिलो करिब १०० रुपैयाँसम्म तिरेर डिएपी खरिद गर्नुपरेको किसानहरूको गुनासो छ। सरकारले मल आयात गरेको र वितरण गरेको दाबी गरे पनि वास्तविक खेतीको समयमा किसानले सहज रूपमा मल पाउन सकेका छैनन्।

# झुपडीबाट पक्की घरमाः फेरिँदै लहानको मुसहर बस्ती



**सिरहा।**

सिरहाको लहान नगरपालिका—२२ जहदी गमहरियास्थित मुसहर बस्तीको अचेल रूपरेखा फेरिएको छ। हिजोसम्म च्यातिएका त्रिपाल र जीर्ण फुसका छाप्राहरूले भरिएको यो बस्तीमा अहिले लहरै २४ वटा आधुनिक पक्की घरहरू ठडिएका छन्।

लहान नगरपालिका र ‘ह्याबिट्याट फर ह्युमानिटी नेपाल’को कुल रु एक करोड २८ लाखभन्दा बढीको द्विपक्षीय लगानी, स्थानीय भवानी एकीकृत विकास केन्द्रको प्राविधिक सहयोग तथा सहजीकरण र स्थानीयको श्रमदानमा निर्माण गरिएका यी सुरक्षित घरहरूले वर्षौंदेखि ओत खोजिरहेका दलित परिवारको जीवनस्तर नै बदलिदिएको छ।

यो सुखद परिवर्तनले बस्तीकी ५० वर्षीया शान्ति सदायको अनुहारमा पनि बेग्लै चमक ल्याएको छ । वर्षाको समयमा छानोबाट पानी चुहिएर रातभर जाग्राम बस्नुपर्ने र जाडोमा शीतलहरले जीउ काप्ने कष्टकर दिनहरू अब सदाका लागि अन्त्य भएका छन् । नयाँ पक्की घरको छेवैमा रहेको पुरानो जीर्ण फुसको छाप्रोलाई देखाउँदै उनी हर्षित मुद्रामा भन्छन्, ‘छोरा धर्मदेव, बुहारी सोनी र चार जना नातिनातिनाको साथमा यो सानो झुपडीमा कति कष्ट सहेर बस्यौँ, त्यो त भगवान्लाई मात्र थाहा छ। अब त आफ्नै पक्की घर भयो, ढुक्कले निदाउन पाइने भयो।’

शान्तिको जस्तै खुसी सोही टोलका जहर मोची र घुघरी मोचीको अनुहारमा पनि प्रस्टै देखिन्छ । मजदुरी गरेर जेनतेन जीविका चलाउँदै आएका उनीहरूका लागि पक्की घर केवल एक सपना जस्तै थियो, जुन अहिले विपनामा परिणत भएको छ।

जहदी गमहरियाका यी मुसहर तथा दलित बस्तीका २४ विपन्न परिवारका लागि मङ्गलबारको दिन उत्सव जस्तै बन्यो, जब ‘विपन्न परिवारका लागि सुरक्षित आवास निर्माण कार्यक्रम’ अन्तर्गत निर्मित घरहरूको चाबी लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरीले एक विशेष समारोहबीच उनीहरूलाई हस्तान्तरण गरे । यो आवास परियोजनाका लागि लहान नगरपालिकाले रु ८२ लाख ८५ हजार र ह्याबिट्याट फर ह्युमानिटी नेपालले रु २० लाख आर्थिक सहयोग गरेका हुन् भने लाभग्राही घरधनीहरूले रु २५ लाख ७१ हजार बराबरको श्रमदान गरेका छन्।

भवानी एकीकृत विकास केन्द्रका कार्यक्रम निर्देशक सुजित चौधरीका अनुसार नवनिर्मित प्रत्येक घरमा दुईवटा कोठा, एक भान्सा कोठा, बरन्डा र व्यवस्थित शौचालयको व्यवस्था गरिएको छ। यी घरहरू पूर्ण रूपमा भूकम्प प्रतिरोधी हुनाका साथै यिनीहरूको न्यूनतम आयु ३० वर्षभन्दा बढी रहेको छ।

नयाँ घरको साँचो हस्तान्तरण गर्दै नगरप्रमुख चौधरीले नगरभित्रका कोही पनि विपन्न नागरिक घरविहीन हुन नपरोस् भन्ने उद्देश्यले स्थानीय सरकारले काम गरिरहेको बताए । सार्वजनिक ऐलानी जग्गा अतिक्रमण खाली गर्ने नाममा अन्य स्थानीय तहमा विना विकल्प डोजर चलाएर भूमिहीन दलित र अन्य विपन्न समुदायको उठिबास भइरहेको चर्चा गर्दै उनले भने, ‘हरेक विपन्न र भूमिहीन नागरिकको एउटा सुरक्षित र भरपर्दो घर होस् भन्ने सपना हुन्छ । स्थानीय सरकारको हैसियतले हामीले उहाँहरूको त्यही सपनालाई क्रमशः साकार पार्दै लगेका छौँ । भूमिहीन, दलित र विपन्न पनि नगरकै बासिन्दा हुन्, नागरिकलाई अप्ठ्यारो परेका बेला स्थानीय सरकारले सघाउँछ भन्ने सन्देश दिन हामीले यो आर्थिक सहयोग गरेका हौँ । लहान नगर क्षेत्रका सुकुमवासी, गरिब र विपन्नलाई व्यवस्थित बसोबासका लागि सुरक्षित घर बनाएर दिने यो अभियान आगामी दिनमा पनि निरन्तर जारी रहनेछ।’

नयाँ घर पाएसँगै अब यी विपन्न परिवारको आर्थिक भार पनि कम हुने भएको छ। यसअघि हरेक वर्ष वर्षा र हावाहुरीले भत्काउने अस्थायी फुसको घर मर्मत गर्नमै उनीहरूको ठूलो कमाई खर्च हुने गथ्र्यो। घर हस्तान्तरण समारोहमा भवानी एकीकृत विकास केन्द्रका कार्यक्रम निर्देशक चौधरीले घर पाएकाहरूलाई अब घर मर्मतमा खर्च हुने रकम जोगाएर छोराछोरीको शिक्षामा लगाउन आग्रह गरे। उनले भने, मजदुरी गरेर कमाएको थोरबहुत रकम पनि पहिले घर टाल्नैमा सकिन्थ्यो, अब २५÷३० वर्ष घर मर्मतमा अतिरिक्त रकम खर्च गर्नुनपर्ने भएकाले त्यही रकम छोराछोरीको पढाइमा लगाउँदा उनीहरूको भविष्य राम्रो बन्न सक्छ।

यसअघि लहान नगरपालिकाका–१२, १३, १५ र २१ मा गरी २०० भन्दा बढी सुरक्षित घरहरू निर्माण गरेर लक्षित परिवारलाई हस्तान्तरण गरिसकिएको ह्याबिट्याट फर ह्युमानिटी नेपालका प्राविधिक संयोजक रामसुन्दर यादवले जानकारी दिए । उनका अनुसार, बुधबार वडा नं २१ वेतहाका थप १६ घरपरिवारलाई पनि नयाँ घर हस्तान्तरण गरिँदै छ । त्यस्तै, यसै आर्थिक वर्षभित्र नगरको वडा नं १३ मा थप १० घर, वडा नं १५ मा सात घर र वडा नं १८ मा आठ घर निर्माण गरी हस्तान्तरण गर्ने योजना रहेको छ।

हिजोसम्म खुला आकाश र च्यातिएको त्रिपालमुनि रात काट्न बाध्य मुसहर बस्तीका रैथानेहरू आज आफ्नै पक्की घरको बरण्डामा बसेर आफ्ना बालबच्चाको उज्यालो भविष्यको सुन्दर सपना कोर्न थालेका छन्। रासस

# चारवटा निजी विद्यालयमा बालबालिका भर्ना नगर्न आग्रह

**मधेशदृष्टि**
**जितपुर।**

बाराको जीतपुर–सिमरा उपमहानगरपालिकाले अभिभावकहरूलाई चार वटा निजी विद्यालयमा आफ्ना बालबालिका भर्ना नगर्न आग्रह गरेको छ।

उपमहानगरपालिकाले मंगलबार सार्वजनिक सूचना जारी गर्दै ती विद्यालयहरूलाई शैक्षिक व्यवस्थापन सूचना प्रणाली ई.एम.आई.एस. बाट हटाइएको जानकारी दिएको हो । सूचना अनुसार वडा नं. ३ स्थित रोज एकेडमी, वडा नं. २ मा रहेको माउन्ट एभरेस्ट, वडा नं. ७ को अम्ब्रेला अंग्रेजी बोर्डिङ स्कुल र वडा नं. १९ को बाबुलाल एकेडमीमा भर्ना नगर्न भनिएको छ । उपमहानगर पालिकाका अनुसार ती विद्यालयहरूलाई विभिन्न प्रशासनिक तथा शैक्षिक कारणले ई.एम.आई.एस. प्रणालीबाट हटाइएको हो। यससँगै, अभिभावकहरूलाई वैकल्पिक रूपमा दर्ता भएका र स्वीकृत विद्यालयहरूमा मात्रै भर्ना गर्न अनुरोध गरिएको छ।

# विद्यार्थीहरुलाई छाता वितरण

**मधेशदृष्टि**
**वीरगंज।**

वीरगंजका युवा समाजसेवी तथा अभियन्ता सन्तोष कुमार सर्राफले श्रीपुर स्कुलका विद्यार्थीलाई वर्षा र घामबाट जोगिन १०० थान छाता वितरण गरेका छन्।

‘सन्तोष जी इलेक्ट्रोनिक्स’ सञ्चालन गर्दै आएका सर्राफले सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालयका विद्यार्थीलाई छाता वितरण गरेका हुन्। उनका अनुसार विद्यार्थीलाई शिक्षा प्रति प्रोत्साहन गर्नुका साथै दैनिक जीवनमा सहजता प्रदान गर्न यस्ता सहयोगात्मक कार्यक्रम आवश्यक छन्।

यसअघि पनि सर्राफले कापी–कलम, शैक्षिक सामग्री, खाद्यान्न तथा मिठाई वितरण गर्दै आएका छन्। यसपटक उनले विशेषगरी वर्षा र गर्मी मौसमलाई ध्यानमा राख्दै विद्यार्थीलाई छाता वितरण गरेका हुन्।

# खैरो हिरोइनसहित एक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**

अवैध लागु औषध खैरो हेरोइनसहित एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा बाराको सिम्रौनगढ नगरपालिका–७ का २५ वर्षीय असरफ अली छन् । उनलाई ललितपुरबाट पक्राउ गरिएको लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरका एसपी तथा प्रवक्ता दुर्गाराज रेग्मीले बताए । उनीबाट १५० ग्राम खैरो हेरोइनका साथै डिजिटल तराजु २ थान, लागु औषध लुकाइएको स्पीकर ४ थान बरामद भएको छ।

# सामाजिक सञ्जालमा अपशब्द प्रयोग गरि भिडियो सार्वजनिक गर्ने पक्राउ

**मधेशदृष्टि**
**महोत्तरी।**

सामाजिक सञ्जाल टिकटकमार्फत नेपाल प्रहरीलाई लक्षित गर्दै अपशब्द प्रयोग गरी भिडियो सार्वजनिक गर्ने एक युवकलाई महोत्तरी प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार मनराशिश्वा नगरपालिका–७ का २२ वर्षीय अनिल साहले @Sarpallopulchwokboy नामक टिकटक आइडीमार्फत नेपाल प्रहरीसमेतलाई लक्षित गर्दै अपशब्द प्रयोग गरिएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरेका थिए।

पक्राउ परेका साहविरुद्ध जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट ७ दिनको म्याद लिई अभद्र व्यवहारसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले जानकारी दिए।

# ५ सय रुपैयासम्म सामानमा भन्सार छुट्

मधेशदृष्टि
वीरगंज।

स्थलगत सीमा नाकाहरूमा भन्सार छुटसम्बन्धी व्यवस्था सरकारले एक सय बाट पाँच सय रुपैयाँ पु¥याएको छ । यसले विशेष गरि वीरगंजलगायत भारतीय सीमा नाकासंग जोडिएका तराई मधेश क्षेत्रका उपभोक्ताहरूलाई सकारात्मक प्रभाव पर्ने भएको छ।

अर्थ मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गर्दै अबदेखि स्थल मार्ग हुँदै आवतजावत गर्ने यात्रुले निजी प्रयोगका लागि ५ सय रुपैयाँ मूल्यसम्मको वस्तु बिनाभन्सार ल्याउन वा लैजान पाउने व्यवस्था लागू गरेको छ। यसअघि यो सीमा केवल १ सय रुपैयाँ मात्र थियो, जसका कारण सीमा क्षेत्रमा यात्रु र सुरक्षाकर्मीबीच पटक–पटक तनाव उत्पन्न हुँदै आएको थियो। गत वर्ष जेठ १५ मा लागू गरिएको १ सय रुपैयाँको कडा नियमले, सीमा क्षेत्रमा सिर्जना गरेको असन्तुष्टि र संसद्मा उठेको आवाजका कारण सरकार सय रुपैयाँबाट पाँच सय रुपैयाँमा पुग्न बाध्य भएको हो।

सम्पादकीय

# कमला पुलमाथिको उपेक्षा र राज्यको लाचारी

पूर्व–पश्चिम हुलाकी राजमार्गको मेरुदण्ड मानिने कमला नदीमाथिको पुल निर्माण एक दशकभन्दा बढी समयदेखि अलपत्र रहनु राज्यको चरम गैरजिम्मेवारीको पराकाष्ठा हो। वि.सं. २०६८ सालमा ठेक्का सम्झौता भई निर्माण सुरु गरिएको यो पुल १५ वर्ष पुग्न लाग्दा पनि सम्पन्न नहुनुले विकास निर्माणप्रतिको सरकारी उदासीनतालाई उदाङ्गो पारेको छ। मधेशको 'जीवनरेखा' मानिने हुलाकी सडक खण्डको यो महत्त्वपूर्ण संरचना अधुरै रहँदा सिरहा र धनुषाका लाखौँ नागरिकले भोग्नुपरेको सास्तीको लेखाजोखा नै छैन। राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत पर्ने यस्तो रणनीतिक महत्त्वको परियोजनालाई वर्षौंसम्म अलपत्र छोडिनुले सुशासन र समृद्धिको सरकारी नारालाई गिज्याइरहेको छ।

आगामी आर्थिक वर्ष २०८३÷८४ को संघीय बजेट सार्वजनिक भइरहँदा कमला नदीको पुलका लागि स्पष्ट रूपमा रकम विनियोजन नहुनुले स्थानीयमा थप आक्रोश र निराशा पैदा गरेको छ। बजेटमा अन्य सहायक योजनाहरू अटाए पनि दशकौँदेखि पीडित जनताको घाउमा मलम लगाउने यो मुख्य आयोजना नपर्नु दुर्भाग्यपूर्ण छ। बजेट वक्तव्यमा कमला पुलको पुनर्निर्माण वा बाँकी काम सम्पन्न गर्ने ठोस योजना नआएपछि स्थानीय तहमा सरकारप्रति अविश्वासको वातावरण सिर्जना भएको छ। विकासको समान वितरण र सन्तुलित बजेटको दाबी गर्ने सरकारले मधेशको यो आधारभूत आवश्यकतालाई नजरअन्दाज गर्नुले केन्द्रिकृत मानसिकता अझै हाबी रहेको पुष्टि गर्दछ।

राजनीतिक दृष्टिकोणबाट हेर्दा यो उपेक्षा झन् उदेकलाग्दो र विरोधाभासपूर्ण देखिन्छ। प्रभावित क्षेत्रकै नेतृत्वले सरकारको बागडोर सम्हालिरहेको र सोही क्षेत्रका जनताबाट अत्यधिक मत पाएको पार्टी सत्तामा रहेको वर्तमान अवस्थामा समेत कमला पुलले बजेटमा प्राथमिकता नपाउनु राजनीतिक बेइमानी हो। चुनावका बेला विकासका ठूला आश्वासन दिएर मत बटुल्ने तर सत्तामा पुगेपछि आफ्नै आधार इलाकाका जनताको पीडा बिर्सने प्रवृत्तिले लोकतन्त्रमा जनमतको अवमूल्यन भएको छ। प्रधानमन्त्री र सत्तासीन दलका लागि यो पुल केवल प्राविधिक संरचना मात्र नभई उनीहरूको राजनीतिक नैतिकता र जनउत्तरदायित्वको कसी समेत हो, जसमा उनीहरू नराम्ररी चुकेका छन्।

पुल नहुँदाको प्रत्यक्ष प्रभाव स्थानीयको जनजीवन, स्वास्थ्य र आर्थिक गतिविधिमा परिरहेको छ। वर्षायाममा कमला नदीमा आउने बाढीका कारण जोखिमपूर्ण डुङ्गा यात्रा वा घण्टौँको घुमाउरो बाटो तय गर्नुपर्ने बाध्यताले जनताको जिन्दगी दाउमा परेको छ। कृषि उपजको ढुवानी, बिरामीलाई अस्पताल पु¥याउनुपर्ने आपत्कालीन अवस्था र दैनिक आवतजावतमा पुलको अभावले गम्भीर अवरोध सिर्जना गरेको छ। २०७८ सालको बाढीले क्षतिग्रस्त बनाएको संरचनाको पुनर्निर्माणमा देखिएको ढिलासुस्तीले ठेकेदार कम्पनीको लाचारी र नियमनकारी निकायको अक्षमतालाई प्रष्ट पार्छ। राज्यको ढुकुटीबाट करोडौँ खर्च भइसक्दा पनि प्रतिफल शून्य रहनु सार्वजनिक सम्पत्तिको दुरुपयोग बाहेक केही होइन।

अतः सरकारले अब कुराले मात्र होइन, कामले जनताको विश्वास जित्न जरुरी छ। कमला पुलको निर्माणलाई राष्ट्रिय प्राथमिकताको सूचीमा राखेर तत्काल आवश्यक बजेटको सुनिश्चितता गरिनुपर्छ। ठेक्का ओगटेर बस्ने निर्माण कम्पनीलाई कारबाहीको दायरामा ल्याउने वा विकल्प खोजेर युद्धस्तरमा काम अघि बढाउने आँट सरकारले देखाउनै पर्छ। स्थानीय संघर्ष समितिको आन्दोलन र जनआक्रोशलाई समयमै सम्बोधन नगरिए यसले ठूलो विद्रोहको रूप लिन सक्ने जोखिम छ। सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेटमा आवश्यक परिमार्जन गरेर भए पनि कमला पुल निर्माणलाई यसै आर्थिक वर्षभित्र निष्कर्षमा पु¥याउन प्रतिबद्धता जनाउनु पर्छ। जनताको धैर्यको बाँध टुट्नु अगावै राज्यले आफ्नो दायित्व बोध गरोस्।

# उपेक्षामा आँखाको हेरचाह

प्रा. डा. डिबी कार्की

सर्वविदितै छ, जीवनमा आँखाको महत्व अवर्णनीय छ। जीवन र जगत् देख्नका लागि अत्यावश्यक आँखाको हाम्रो जीवनमा सर्वोपरि महत्व छ।

आँखा अत्यन्त सम्वेदनशील अङ्ग पनि हो, यसको हेरचाह र रक्षाका सन्दर्भमा उच्च सम्वेदनशीलता अपनाउन आवश्यक छ। पछिल्लो समय साना बालबालिकादेखि वयस्क र वृद्धावस्थाका मानिसले मोबाइल, कम्प्युटर र टिभीको प्रयोग अधिक गरेसँगै आँखामा अनेक समस्या आउने गरेको छ। उद्योग, कलकारखाना, कृषिलगायत विभिन्न क्षेत्रमा काम गर्ने व्यक्ति तथा खेलाडीले आँखामा हुने चोटपटकको समयमै आवश्यक सावधानी र उपचार नगर्दा जीवनभर अन्धकारमा बस्नुपर्ने हुन्छ। कतिपय रोगका बिरामीले पनि आँखाको स्वास्थ्यमा ध्यान दिनुपर्ने हुन्छ।

यी विभिन्न अवस्थामा कसरी आँखालाई सुरक्षित र दृष्टि शक्तिलाई कायमै राख्न सकिन्छ भन्नेबारेमा यसलेखमा केही सावधानीका उपायका बारेमा उल्लेख गरिएको छ। लामो समयसम्म मोबाइल, कम्प्युटर र टिभीको स्क्रिन हेर्दा आँखा थाक्ने, पोल्ने र टाउको दुख्ने समस्या हुने हुँदा २०–२०–२० नियम अपनाउन सकिन्छ अर्थात् हरेक २० मिनेट, २० फिट टाढाको वस्तु २० सेकेन्डका लागि हेर्ने बानी बसाल्न सकिन्छ। साथै, स्क्रिन आँखाबाट एकहात टाढा राख्ने, धेरै चम्किलो स्क्रिन प्रयोग नगर्ने, अँध्यारोमा मोबाइल प्रयोग गर्नुहुँदैन। त्यस्तै घाम, धुलो र धुवाँबाट जोगिनुपर्छ, घाममा निस्कँदा धुप चस्मा वा टोपी लगाउँदा आँखालाई दबाब पर्दैन। फलाम वेल्डिङको उज्यालो र घामलाई नाङ्गो आँखाले हेर्दा पनि आँखाको दृश्य शक्ति ह्रास हुन्छ।

धुलो हुने ठाउँमा काम गर्नुपर्दा आँखाको सुरक्षाका लागि सुरक्षात्मक चस्मा लगाउनुपर्ने हुन्छ। सामान्यतः दिनमा एक–दुई पटक सफा पानीले अनुहार र आँखा पखाल्ने बानीले आँखामा धुलो, धुवाँको सङ्क्रमण हुन पाउँदैन। आँखा पोल्यो वा धुलो प¥यो भने धेरैले हात वा अन्य कुनै वस्तुले मिच्ने वा घोट्ने गर्छन्। यसो गर्नु हुँदैन, सफा पानीले विस्तारै पखाल्नुपर्छ। सफा पानीले सफा हात वा नरम कपडाले आँखा सफा गर्नुपर्छ। पढ्दा वा लेख्दा सही बत्ती प्रयोग गरिएमा आँखालाई बोझ पर्दैन। धेरै तेज वा धमिलो नभएको बत्तीमा पढ्दा वा लेख्दा पर्याप्त प्रकाश हुनुपर्छ। सुतिरहेका अवस्थामा वा सवारीसाधन हिँड्दा पढ्न वा मोबाइल चलाउने राम्रो होइन। आँखा थाकेपछि आराम दिनुपर्छ। आँखालाई आराम दिन दैनिक सात–आठ घण्टा सुत्नुपर्छ। लामो समय काम गरेपछि केही मिनेटका लागि आँखालाई बन्द गरेर विश्राम दिनुपर्छ।

आँखाको स्वास्थ्यका लागि केही गलत बानी त्याग्नुपर्छ। अन्य स्वास्थ्यको जस्तै आँखाको स्वास्थ्यका लागि पनि धुमपानको आदत हुनुहुँदैन। यसले आँखाको नसामा असर गर्छ। रक्सीको सेवनले आँखालाई सुक्खा र कमजोर बनाउने हुँदा यसबाट टाढै बस्नु राम्रो हुन्छ। आँखा बिझाउने वा पोल्नेबित्तिकै डाक्टरको सल्लाहबिना नै आइ–ड्रपलगायत आँखाको औषधि प्रयोग गर्नुहुँदैन।

आँखाको स्वास्थ्यका लागि दुई वर्षमा एकपटक परीक्षण आँखाको जाँच गराउने गर्नुपर्छ। दृष्टि धमिलो देखिएमा, आँखा दुखेमा, रातोपन बढेमा वा पानी आउने गरेमा, राति देख्न गाह्रो भएमा, दृष्टि अचानक घटेमा तुरुन्तै नेत्र चिकित्सक कहाँ जानुपर्छ। चस्मा वा लेन्स प्ररयोग गर्दा सामान्य ध्यान नदिँदा पनि समस्या आउने गर्दछ। चस्मा प्रयोगकर्ताले सधैँ सफा कपडाले पुछ्नुपर्छ भने अरुको चस्मा वा लेन्स प्रयोग गर्नुहुँदैन। अभिभावकले बालबालिकाको आँखाको हेरचाहमा विशेष ध्यान दिन आवश्यक हुन्छ।

**बालबालिकाको आँखाको स्वास्थ्य**

बालबालिकालाई गाजर सागपात, अण्डा, दुध, आँप, कागती, गोलभेँडा, माछाजस्ता स्वस्थ खाना खुवाउनुका साथै पर्याप्त पानी पिउन प्रेरित गर्नुपर्छ। भिटामिन ए, सी र ई युक्त खानेकुराले आँखालाई बलियो र स्वस्थ राख्न मद्दत गर्छ। उनीहरुलाई धेरैबेर मोबाइल वा टिभी हेर्न दिनु हुँदैन, यसले आँखा पोल्ने, थाक्ने र टाउको दुख्ने समस्या आँउछ। बच्चालाई २०–२०–२० नियम अर्थात् हरेक २० मिनेटमा २० फिट टाढाको वस्तु २० सेकेन्ड हेर्ने बानी लगाउनुपर्छ। स्क्रिन धेरै नजिक राख्न र अध्याँरोमा मोबाइल चलाउन दिनुहुँदैन। बच्चाको आँखालाई धुलो र घामबाट बचाउन बाहिर खेल्दा टोपी वा धुप चस्मा लगाइदिने, धुलो वा धुवाँ हुने ठाउँमा लामो समय खेल्न नदिने, बच्चालाई आँखामा धुलो वा किरा आँखामा परेमा मिच्न सिकाउनु हुँदैन।

जथाभावी आँखा मिच्दा आँखामा सङ्क्रमण हुनसक्छ। साबुनपानीले हात धुन सिकाउने, सफा पानीले आँखा पखाल्न लगाउनुपर्छ।

साथै, अरूसँग रुमाल, टाबेल वा तकिया साटेर प्रयोग गर्न दिनुहुँदैन। पढ्ने ठाउँमा पर्याप्त र मृदु प्रकाशको व्यवस्था मिलाउनुपर्छ। अँध्यारोमा वा सुतिरहेका अवस्थामा पढ्न दिनुहुँदैन। पढ्दा आँखाबाट करिब एक फिट टाढा किताब राख्ने बानी बसाल्नुपर्छ। बच्चालाई दैनिक केही समय खेल्न दिएमा यसले आँखाको दृष्टि प्राकृतिक रूपमा सुदृढ बनाउँछ। क्रिकेट, फुटबल, व्याडमिन्टनजस्ता खेलमा सुरक्षात्मक चस्मा लगाउन दिनुपर्छ। धारिलो वा सिसाजन्य खेलौना खेल्न दिनुहुन्न। बच्चाले दैनिक सात–नौ घण्टा राम्रोसँग सुत्नुपर्छ। लामोसम्म पढेपछि वा टिभी हेरेपछि आँखालाई केहीबेर आराम गर्न लगाउनुपर्छ। कुनै समस्या नदेखिए पनि हरेक एक–दुई वर्षमा बच्चाको आँखा परीक्षण गराउनुपर्छ। बच्चाले किताब वा टिभी नजिकै हेर्छ भने, बारम्बार आँखामा हात लगाउँछ वा मिच्छ भने, दृष्टि धमिलो भएको गुनासो गर्छ भने आँखाको दिशा फरक दखिन्छ भने तुरुन्त नेत्र चिकित्सक कहाँ लैजानुपर्छ।

औद्योगिक क्षेत्रमा काम गर्नेले ध्यान दिनुपर्ने कुरा

औद्योगिक क्षेत्रमा काम गर्ने कामदार आँखामा चोटपटक वा धुलो धुवाँबाट बढी प्रभावित हुन्छन्। काम गर्दा धुलो, धातुका टुक्रा, रासायनिक पदार्थ वा चिङ्गारीले आँखामा चोट पुर् याउन सक्छ। त्यसैले उनीहरुले आँखाको हेरचाहका लागि काम गर्दा फिल्टर भएको हेल्मेट र सुरक्षा चस्मा लगाउनुपर्छ भने वेल्डिङ, ग्राइल्डिङ, काट्ने वा पेन्ट गर्ने काममा विशेष चस्मा प्रयोग गर्नुपर्छ। वेल्डिङको तेज प्रकाशले आँखामा 'वेल्डर बर्न' नामको जलन ल्याउँछ।

पेन्ट, एसिड, सोल्भेन्ट, ग्रीस, वा अन्य केमिकलहरू आँखामा परेमा तरुन्त सफा पानीले १०–१५ मिनेटसम्म पखाल्नुका साथै तुरुन्त नेत्र चिकित्सक कहाँ तुरुन्त जानुपर्छ। सुरक्षात्मक मास्क र चस्मा लगाएर रासायनिक पदार्थ प्रयोग गरेका सम्भावित जोखिम कम हुन्छ।

अध्याँरोमा वा छायाँमा काम गर्दा आँखामा बढी चाप पर्ने हुँदा पर्याप्त बत्ती भएको ठाउँमा काम गर्नुपर्छ। काम गर्दा धुलो र धुवाँ बढी हुने ठाउँमा भेन्टिलेसन राम्रो भएको ठाउँ रोज्नुपर्छ। आँखामा धुलो धातुका टुक्रा वा रासायनिक पदार्थ परेमा आँखा मिच्नुहुँदैन। तुरुन्त सफा पानीले पखाल्नुहोस्। यसपछि नजिकको स्वास्थ्य केन्द्र वा नेत्र चिकिल्सकलाई देखाउनुपर्छ। सामान्य हो भनेर पर्खिनु कहिल्यै हुँदैन। सानो चोटले पनि ठूलो समस्या ल्याउन सक्छ। औद्योगिक क्षेत्रमा काम गर्ने व्यक्तिले हरेक छ महिनामा एकपटक आँखाको जाँच गराउने तथा दृष्टि धमिलो, पोल्ने, रातो हुने वा पानी आउने समस्या भएमा तुरुन्त नेत्र विशेषज्ञलाई देखाउनुपर्छ।

**खेलाडीले अपनाउनुपर्ने सतर्कता**

खेलकुदका क्रममा प्रयोग हुने खेल सामग्री अन्य खेल उपकरणले आँखामा चोट पुर् याउन सक्छ। क्रिकेट, ब्याडमिन्टन, टेबल टेनिस, बास्केटबल, फुटबल रग्बी खेलमा आँखाको सुरक्षा अनिवार्य छ। त्यसैले खेलको प्रकारअनुसार सुरक्षात्मक चस्माको प्रयोग गर्नुपर्छ। धाममा खेल्दा सूर्यको हानिकारक किरणबाट बच्न धुप चश्मा लगाउनुपर्छ। धुलो र हावावालो ठाउँमा खेल्दा आँखा पोल्ने पानी आउने र रातो हुने समस्या हुनसक्ने भएकाले टोपी वा हेडब्यान्ड लगाउने गर्नुपर्छ। खेलाडीले आफ्नो आँखा स्वस्थ राख्न केही सावधानी अपनाउनुपर्ने हुन्छ।

जस्तैः खेलपछि हात सफा नगरी आँखामा नछुने, पसिना वा धुलो आँखामा पेरमा सफा पानीले पखाल्ने, रुमाल वा टाबल अरूसँग साटेर प्रयोग नगर्ने। बल, औँला वा कुनै वस्तुले आँखामा चोट लाग्दा भित्री चोट लाग्नसक्छ। तुरुन्त ठण्डा पानी वा बरफले सेक्ने र त्यसलाई बेवास्ता नगरी नेत्र चिकित्सक कहाँ जानुपर्छ।

कन्ट्याक्ट लेन्स प्रयोग गरेका खेलाडीले थप सावधानी अपनाउनुपर्ने हुनसक्छ। खेल्दा पसिना वा धुलोका कारण कन्ट्याक्ट लेन्स बिग्रिन सक्छ। सम्भव भएसम्म स्पोर्टस् गगल्स प्रयोग गर्ने र लेन्स प्रयोज गर्दा हरेकपटक सफा हातले लगाउने र निकाल्ने बानी बसाल्नुपर्छ। अध्याँरो वा अत्यधिक तेज बत्ती भएको मैदानमा खेल्दा आँखामा तनाव आउने हुँदा उचित प्रकाश भएको ठाउँमा खेल्नुपर्छ, जसबाट वस्तु स्पष्ट देखियोस्।

आँखाको शक्ति बढाउन गाजर, सागपात, आँप, सुन्तला, अण्डा, माछा, दूधजस्ता खानेकुराले भिटामिन ए, बी, सीले दृष्टि समृद्ध तुल्याउँछ।

खेलपछि शरीर मात्र होइन, आँखालाई पनि विश्राम चाहिन्छ। राति सात–आठ घण्टा सुत्नुहोस ताकी आँखाले पनि पुनः शन्ति पाओस्। लामो समयको अभ्यासपछि केहीबेर आँखा बन्द गरेर विश्राम लिने गर्नुपर्छ। खेलाडीहरूले हरेक वर्षमा कम्तीमा एकपटक आँखाको परीक्षण गराउनुपर्छ। दृष्टि धमिलो भएमा, आँखा पोलेमा, पानी आउने वा दोहोरो देखिने समस्या भए तरुन्त नेत्र चिकित्सकहाँ सम्पर्क गर्नुपर्छ।

**विभिन्न रोगका बिरामीले दिनुपर्ने ध्यान**

अधिकांश मानिस विभिन्न सर्ने वा नसर्ने खालका रोगबाट पीडित हुन्छन्। त्यस्त बिरामीले आफूलाई लागेको रोगको उपचारसँगै त्यसले आँखामा पार्नसक्ने जटिलता हुन नदिन विशेष सावधानी अपनाउनुपर्ने हुन्छ। यहाँ केही रोगका बिरामीले दिनुपर्ने ध्यानका बारेमा उल्लेख गरिएको छ।

**मधुमेहका बिरामीले दिनुपर्ने ध्यानः** लामो समय उच्च मधुमेहको समस्यामा जेलिँदा आँखाका साना नसा बिग्रन्छन्। यसलाई डाइबेटिक रेटिनोप्याथी भनिन्छ। यसले मधुमेहका बिरामीको दृष्टि हराउन सक्छ। सर्वप्रथम त उनीहरुले चिनी, रक्तचाप र कोलेस्ट्रोल नियन्त्रणमा राख्नुका साथै नियमित रूपमा औषधि र खानामा ध्यान दिनुपर्छ। दृष्टि धमिलो हुने, कालो डाबर देखिने वा उज्यालोमा समस्या देखिए तुरुन्त डाक्टरलाई देखाउनुपर्ने हुन्छ। दृष्टि ठीक भए पनि वर्षको एकपटक आँखाको जाँच गराउनु आवश्यक हुन्छ। यदि आँखामा समस्या देखिएको छ भने तीन–छ महिनामा नेत्र चिकित्सक कहाँ जानुपर्ने हुन्छ।

**रक्तचाप भएका बिरामीले दिनुपर्ने ध्यानः** रक्तचाप बढी हुँदा आँखाका नसामा असर पर्छ जसलाई 'हाइपरटेन्सिभ रेटिनोप्याथी' भनिन्छ। यस्ता बिरामीले आफ्नो रक्तचाप नियमित रूपमा नाप्नुहोस् र औषधि समयमा लिने, नुन कम खानुहोस्, तनाव घटाउने र नियमित व्यायाम गर्नुपर्छ। आँखामा परिवर्तन देखिएको छ भने छ महिनामा एकपटक र सामान्य अवस्थामा पनि बिरामीले प्रत्येक एक –दुई वर्षमा आँखाको जाँच गराउनुपर्छ।

**क्षयरोगका बिरामीले दिनुपर्ने ध्यानः** कुनैकुनै औषधि जस्तै इथामबुटोलले आँखाको नसामा असर पारी दृष्टि धमिला बनाउन सक्छ। त्यसैले यस्ता औषधि सुरु गर्नुअघि आँखाको जाँच गराउनुपर्छ। उपचारका क्रममा दृष्टि धमिलो हुने, रङ्ग देख्न गाह्रो भएमा वा आँखामा दुखाई भएमा तुरुन्त सम्बन्धित चिकित्सकलाई देखाउनुपर्छ। यस्तो अवस्थामा औषधि आफैँ रोक्न हुन्न। यस्ता बिरामीले औषधि सुरु गर्नुअघि आँखाको जाँच गराउने, बीचमा पनि महिनामा एकपटक दृष्टि जाँच गर्दा राम्रो हुन्छ भने उपचार समाप्त भएपछि अन्तिम जाँच गराउँदा जटिलता आउन पाउँदैन।

**गठियाका बिरामीका लागिः** गठिया रोगले कहिलेकाहीँ आँखामा युभेटिइस सुजन वा कण जम्मा हुने समस्या ल्याउनसक्छ। यस्ता बिरामीले युरिक एसिड नियन्त्रणमा राख्ने, प्रशस्त पानी पिउने, रातो मासु, रक्सी र माछा कम खाने गर्नुका साथै आँखामा रातोपन आएमा, आँखा पोलेमा वा दृष्टि धमिलो भएमा तुरुन्त जाँच गराउनुपर्छ।

रोग नियन्त्रणमा भइसकेका अवस्थामा पनि वर्षमा एकपटक आँखाको जाँच गराउन र आँखामा कुनै समस्या देखापरेमा तुरुन्त नेत्र विशेषज्ञकहाँ जानुपर्छ। रासस

# वन पैदावरको उपयोगः दुनाटपरीले आत्मनिर्भर

इन्द्राकुमारी केसी/रासस

लम्कीचुहा नगरपालिका–१ भुरुवाकी धना बोहराको जीवन केही वर्षअघिसम्म सामान्य ग्रामीण महिलाको जस्तै थियो। उहाँको अधिकांश समय घरधन्दा, बालबच्चाको हेरचाहमा बित्थ्यो।

श्रीमान्को एकल आम्दानीमा आश्रित परिवार आर्थिक रूपमा सङ्घर्षरत थियो। दैनिक आवश्यकता पूरा गर्न कठिन थियो। सीमित आम्दानी, बढ्दो खर्च र भविष्यप्रतिको अनिश्चितताले परिवारलाई निरन्तर दबाब थियो।

चार वर्षअघि एउटा सीपमूलक तालिमले बोहराको जीवनलाई अघि बढाउने मार्ग नै बदलिदियो। स्थानीय सरकारले सञ्चालन गरेको दुनाटपरी बनाउने तालिममा सहभागी भएपछि उहाँले आफ्नो क्षमता पहिचान गर्ने अवसर पाउनुभयो। तालिमपछि नगरपालिकाले पनि मेसिन उपलब्ध गरायो। उहाँले 'सृजनशील दुनाटपरी उद्योग'स्थापना गर्नुभयो। सुरुमा सानो प्रयासका रूपमा सुरु भएको उद्योग आज स्थानीयस्तरमा सफल उद्यमको उदाहरण बनेको छ।

बोहराको उद्योगमा अहिले आठ जना स्थानीय महिलाले नियमित रोजगारी पाइरहेका छन्। बिहान जङ्गलबाट सालको पात सङ्कलन गर्ने र दिउँसो उद्योगमा दुनाटपरी उत्पादन गर्ने उहाँको दैनिकी बनेको छ। उद्योगबाट दैनिक हजारभन्दा बढी दुनाटपरी उत्पादन हुने गरेको छ। दसैँ, तिहार, माघेसङ्क्रान्ति, श्राद्ध, पूजाआजा, मेला तथा थारू समुदायका विवाह समारोहमा यसको माग अत्यधिक हुने गरेको छ।

कतिपय विवाहमा १० हजारभन्दा बढी दुनाटपरी आवश्यकपर्ने भएकाले मागअनुसार उत्पादन गर्न कठिन हुने अवस्था भएको बोहरा बताउनुहुन्छ।

धनाको जीवनमा आएको परिवर्तन केबल व्यक्तिगत सफलता होइन। यो वन पैदवारको सदुपयोगले ग्रामीण समाजमा ल्याएको आर्थिक तथा सामाजिक रूपान्तरणको प्रतिनिधि उदाहरण हो। उहाँजस्ता सयौँ उद्यमीले वनमा आधारित व्यवसायमार्फत आफ्नो जीवनस्तर उकासिरहेका छन्। स्थानीय समुदायमा रोजगारी र आत्मनिर्भरताको आधार निर्माण गरिरहेका छन्।

रोजगारी, आय र आत्मनिर्भरता

वन पैदावर उद्योगको सबैभन्दा सकारात्मक प्रभाव ग्रामीण महिलाको जीवनमा देखिएको छ। परम्परागत रूपमा घरधन्दामै सीमित रहने महिला अहिले उत्पादन, व्यवस्थापन र उद्यमशीलताका क्षेत्रमा सक्रिय बन्दै गएका छन्।

विशेषगरी एकल महिला, विपन्न परिवार तथा सीमित अवसर भएका महिलाका लागि यस्ता उद्योग जीवन परिवर्तन गर्ने माध्यम बनेका छन्। बोहराको उद्योगमा रोजगारी प्राप्त गरिरहनुभएकी रङ्गा उपाध्याय एकल महिला हुनुहुन्छ। श्रीमान् नहुँदा सन्तानको जिम्मेवारी सम्हाल्न कठिन भइरहेका बेला आफ्नै कमाइले घर खर्च चलाउन सहज भएको उहाँ बताउनुहुन्छ।

पहिले धेरै महिला आर्थिक रूपमा परिवारमा पूर्ण रूपमा निर्भर थिए। अहिले उनीहरूले आफ्नै कमाई गर्न थालेपछि परिवारको आर्थिक अवस्था सुधारिएको छ। बालबालिकाको शिक्षा, स्वास्थ्य तथा दैनिक आवश्यकता पूरा गर्न सहज भएको छ। दुनाटपरी उद्योग मात्र होइन, बाँस र बेतमा आधारित उद्योगमा महिलाको सहभागिता छ। हस्तकला, सजावटी सामग्री तथा घरायसी प्रयोगका सामग्री उत्पादनमा महिलाले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्।

कैलालीको टीकापुरस्थित तिलगङ्गा बेत–बाँस फर्निचर उद्योगमा कार्यरत हिराकुमारी चौधरी बेतबाट विभिन्न सामग्री बनाउनुहुन्छ। उहाँका अनुसार यस कामबाट दैनिक ८ सय रुपैयाँदेखि एकहजारसम्म आम्दानी हुने गरेको छ। पहिले घरखर्च व्यवस्थापन गर्न कठिन हुने गरे पनि अहिले आफ्नै कमाइले ऋणको ब्याज तिर्न, बालबालिकालाई विद्यालयका लागि खाजा खर्च दिन तथा अन्य खर्च जुटाउन सहज भएको उहाँ बताउनुहुन्छ।

उद्योगमै कार्यरत मिना चौधरी मुडा, फूलदानी, ¥याकलगायत सामग्री निर्माण गर्नुहुन्छ। घरायसी जिम्मेवारीसँगै आम्दानीको अवसर पाउँदा परिवारको आर्थिक अवस्थामा सुधार आएको उहाँको अनुभव छ। घरसँगै उद्योगमा काम गर्न मिल्ने भएकाले घरखर्च चलाउन तथा परिवारको आवश्यकता पूरा गर्न सहज भएको उहाँ बताउनुहुन्छ। उद्योगमा ५० भन्दा धेरै कामदार छन्, जसमध्ये धेरैजसो महिला छन्।

वनजन्य उद्योगमा महिलाको बढ्दो सहभागिताले उनीहरूलाई आर्थिक रूपमा मात्र होइन, सामाजिक रूपमा पनि सशक्त बनाएको छ। आफ्नै सीप र श्रमबाट आम्दानी गर्न थालेपछि महिलामा आत्मविश्वास बढेको छ। परिवार र समाजमा उहाँको भूमिका अझ प्रभावकारी बन्दै गएको छ। गाउँमै उपलब्ध स्रोत र सीपको उपयोग गरेर सञ्चालन भइरहेका यस्ता उद्योगले महिलाको आत्मनिर्भरता र ग्रामीण आर्थिक विकासलाई एकसाथ अगाडि बढाइरहेका छन्।

सुदूरपश्चिम प्रदेशमा वनजन्य उद्योग पछिल्ला वर्षमा ग्रामीण अर्थतन्त्रका महत्वपूर्ण आधारका रूपमा स्थापित हुँदै गएका छन्। वनबाट प्राप्त हुने कच्चापदार्थको उपयोग गरेर सञ्चालन भइरहेका विभिन्न उद्योगले स्थानीयस्तरमै रोजगारी सिर्जना गर्नुका साथै आम्दानीका नयाँ अवसर पनि प्रदान गरिरहेका छन्।

परम्परागत सीपदेखि आधुनिक बजारसम्म बेत र निगालोमा आधारित उद्योगले परम्परागत सीपलाई आधुनिक बजारसँग जोडिरहेका छन्। पहिले घरायसी प्रयोगमा सीमित रहने बाँस र बेतका सामग्री अहिले सहरका होटल तथा रेस्टुरेन्टसम्म पुग्न थालेका छन्।

डोको, नाङ्लो, टोकरीजस्ता परम्परागत सामग्रीसँगै कुर्सी, टेबल, सोफा, सजावटी सामग्री तथा विभिन्न हस्तकलाका वस्तु उत्पादन भइरहेका छन्। प्राकृतिक, वातावरणमैत्री र आकर्षक डिजाइनका कारण यस्ता सामग्रीको माग निरन्तर बढिरहेको तिलगङ्गा बेत–बाँस फर्निचर उद्योगका सञ्चालक भरतलाल विक बताउनुहुन्छ।

बेतसँगै काठमा आधारित उद्योग पनि प्रदेशको अर्थतन्त्रका महत्वपूर्ण हिस्सा बनेका छन्। कैलाली र कञ्चनपुरमा सञ्चालन भइरहेका फर्निचर उद्योगले साल, सिसौ, असना र हल्दुजस्ता काठको उपयोग गरेर आधुनिक तथा परम्परागत डिजाइनका फर्निचर उत्पादन गरिरहेका छन्।

यस्ता उद्योगले स्थानीय कालीगढको सीपलाई व्यावसायिक अवसरमा रूपान्तरण गरेका छन्। काठ प्रशोधन, डिजाइन, निर्माण तथा बिक्रीवितरणका विभिन्न चरणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना भएको छ। मागका हिसाबले यस क्षेत्रमा अझै ठूलो सम्भावना रहेको आकाश फर्निचर उद्योगका सञ्चालक सनम दत्त राजवंशी बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, 'कच्चापदार्थको सहज उपलब्धता र स्थिर बजार भए उद्योगलाई अझ विस्तार गर्न सकिन्छ।' वनजन्य उद्योगको अर्को मत्वपूर्ण क्षेत्र कत्था उद्योग हो।

खयरको काठबाट उत्पादन हुने कत्थाले राष्ट्रिय अर्थतन्त्रमा योगदान पु¥याइरहेको छ। कत्था उद्योगले वनजन्य स्रोतको मूल्य अभिवृद्धि गरेर विदेशी मुद्रा आर्जनमा योगदान दिएको छ। खयर सङ्कलनदेखि प्रशोधन र निर्यातसम्मका गतिविधिमा धेरै स्थानीय नागरिकको जीविकोपार्जन जोडिएको कैलालीको गेटास्थित लक्ष्मी कत्था उद्योगका सञ्चालक रोशन कर्ण बताउनुहुन्छ।

मध्यपहाडी क्षेत्रमा पाइने खोटेसल्लाबाट सङ्कलन गरिने खोटोले आर्थिक गतिविधिलाई चलायमान बनाएको छ।

सुदूरपश्चिमका मध्यपहाडी जिल्लामा पाइने खोटेसल्लाबाट खोटो सङ्कलन गरी प्रशोधन र निर्यातसमेत भइरहेको छ। प्रदेशका डडेलधुरा, डोटी, कैलालीलगायत जिल्लाबाट वार्षिक एक हजार ५०० मेट्रिकटनभन्दा बढी खोटो सङ्कलन हुने गरेको कैलालीको अत्तरियास्थित दिव्या रोजिन एण्ड टर्पेन्टाइन कम्पनीका सञ्चालक खड्क बम बताउनुहुन्छ। उहाँका अनुसार खोटो सङ्कलन र प्रशोधनले ग्रामीण क्षेत्रमा थप रोजगारीसमेत सिर्जना गरेको छ।

सम्भावना ठुलो, चुनौती अझै बाँकी

सुदूरपश्चिमका पहाडी जिल्ला जडीबुटीको दृष्टिले अत्यन्तै समृद्ध मानिन्छन्। दार्चुला, बैतडी, बझाङ, बाजुरालगायत जिल्लाका वन क्षेत्रमा पाइने यार्सागुम्बा, चिराइतो, सतुवा, वनलसुन, टिमुर, तेजपात, अमला तथा रिठ्ठाजस्ता उत्पादनको राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा उच्च माग छ। हजारौँ परिवारको आम्दानीको स्रोत बनेका यी जडीबुटीले ग्रामीण अर्थतन्त्रमा महत्वपूर्ण योगदान पु¥याइरहेका छन्। तर यति ठूलो सम्भावना हुँदाहुँदै पनि यस क्षेत्रले अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सीमा समस्या समाधानमा कूटनीतिक प्रयास अपरिहार्य



**काठमाडौँ ।**
राष्ट्रियसभा सदस्यहरूले नेपाल–भारत सीमा समस्या समाधानमा कूटनीतिक प्रयास अपरिहार्य भएको बताएका छन् ।

राष्ट्रियसभाको बुधबारको बैठकको आकस्मिक समयमा उनीहरूले सोसम्बन्धी समस्या समाधान गर्न ऐतिहासिक तथ्य र प्रमाणका आधारमा संवाद गर्न सरकारलाई सुझाव दिएका हुन् ।

नेपाली कांग्रेसका सांसद सुनिलबहादुर थापाले नेपाल–भारत सीमासम्बन्धी विषय दुई देशबीचको संवाद र स्थापित कूटनीतिक संयन्त्रमार्फत समाधान खोजिनुपर्ने बताए । ‘यस विषयमा सरकारले संयमित, स्पष्ट र जिम्मेवारी कूटनीतिक दृष्टिकोण अपनाउनुपर्छ’, उनले भने । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सांसद विष्णुबहादुर विश्वकर्माले मुलुकको भौगोलिक अखण्डता र सार्वभौमसत्तामा आँच आउने अभिव्यक्ति कसैबाट आउन नहुने बताए । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद सम्झना देवकोटाले नेपाल–भारत सीमा सन् १८१६ को सुगौली सन्धिबाट निर्धारित भएको उल्लेख गर्दै सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न सुझाव दिइन् । रासस

# राष्ट्रिय जनसंख्या नीति सार्वजनिक




**सुर्खेत ।**
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय काठमाडौँले कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा राष्ट्रिय जनसङ्ख्या नीति २०८२ को सार्वजनिकीकरण तथा अभिमुखीकरण गरेको छ ।

उक्त कार्यक्रममा जनसङ्ख्या व्यवस्थापन महाशाखाका सहसचिव हेमराज सुवेदीले नीति कार्यान्वयनका संस्थागत, कानुनी, वित्तीय व्यवस्थाका साथै समन्वय र जोखिम पहिचान र व्यवस्थापन, अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन, कार्ययोजना, नीति खारेजी तथा बचाउका बारेमा जानकारी दिए । नीतिमा चार उद्देश्य, २० विशेषता, २७ रणनीति, १२० कार्ययोजना र दुई वटा अनुसूची छन् ।

मन्त्रालयका जनसङ्ख्या व्यवस्थापन महाशाखा (तथ्याङ्क) का उपसचिव झविन्द्रप्रसाद पाण्डेयले नेपालको समग्र जनसाङ्ख्यिक अवस्थाबारे आफ्नो प्रस्तुति राखेका थिए । कार्यक्रममा सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्यायले लागुऔषध, सडक दुर्घटना, आत्महत्याजस्ता घटना पछिल्लो समयमा बढिरहेकाले ती समस्या समाधान गर्ने नीति बन्नुपर्ने र त्यसको कार्यान्वयन प्रभावकारी हुनुपर्नेमा जोड दिए । संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष युएनएफपिए नेपालका अधिकृत तीर्थमान तामाङले बुहप्रतिक्षित नीति बन्नुमा उल्लेखनीय उपलब्धि हासिल भएको जानकारी दिए । रासस

# ढल्न सक्छु, पछारिन सक्छु तर घुँडा टेक्ने वाला छैनः ओली



**काठमाडौँ ।**
नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफू ढल्न सक्ने तर घुँडा नटेक्ने बताएका छन् । बुधबार पार्टीको सदस्यता नवीकरण कार्यशालालाई सम्बोधन गर्दै ओलीले देशप्रतिको प्रेम नझुक्ने बताए । ‘म व्यक्तिगत तवरमा पनि ढल्न सक्छु, पछारिन सक्छु तर घुँडा टेक्ने वाला छैन । मेरो शिर काटिन सक्छ तर हात उठाउने वाला छैन,’ उनले भने । उनले देश र जनताको पक्षमा लड्न ६० वर्षदेखि लागेको भन्दै उक्त सङ्कल्प अलिकति पनि कमी नभएको भन्दै देशको राष्ट्रिय स्वाधीनताका सवालमा कम्परमाइज नगर्ने र प्रतिक्रियावादीका धाक धम्कीसँग नझुक्ने बताएका हुन् ।

# सूचना तथा सञ्चार क्षेत्रमा गरेका कामको समीक्षा हुन्छः सञ्चारमन्त्री

**काठमाडौं ।**
तीन तहका सरकारबीच समन्वय, कार्यगत स्पष्टता र सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले आयोजित विषयगत समितिको बैठकले सञ्चार क्षेत्रका संरचनागत समस्या समाधान, पुराना कानुन संशोधन, ‘डिजिटल’ प्रणाली विकास तथा सेवा एकीकरणलगायत विषयमा महत्त्वपूर्ण निर्णय गरेको छ ।



सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ अन्तर्गत गठित सूचना तथा सञ्चार क्षेत्रसम्बन्धी विषयगत समितिको आजको बैठकले सञ्चार क्षेत्रलाई सङ्घीय संरचनाअनुसार पुनः संरचना गर्ने दिशामा महत्त्वपूर्ण निर्णय गरेको हो ।

सञ्चार मन्त्रालयमा भएको बैठकले विषयगत समितिको बैठक तथा निर्णयसम्बन्धी कार्यविधि–२०८३ स्वीकृत गर्दै भविष्यमा निर्णय कार्यान्वयनको नियमित अनुगमनको व्यवस्था गरेको छ । बैठकमा सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले बदलिँदो प्रविधिसँगै विद्यमान कानुनी ढाँचामा परिवर्तन अपरिहार्य भएको उल्लेख गर्दै संसद्बाट अधिकतम कानुन निर्माणका काम प्राथमिकतामा राखिने बताए ।

सहज सेवा प्रवाह र विकास निर्माणका काममा गति दिन लागि तीन तहका सरकारबीच आपसी समन्वय, सहकार्य तथा सिकाइ आदानप्रदान र खुला छलफल आवश्यक रहेको धारणा उनले व्यक्त गरे ।

सञ्चारमन्त्री तिमिल्सिनाले सञ्चार क्षेत्रभित्र देखिएको दोहोरो र तेहरो संरचनालाई निर्ममतापूर्वक समीक्षा गर्नुपर्नेमा जोड दिँदै विशेषगरी अनुदान वितरण, विज्ञापन प्रणाली र सञ्चारमाध्यमको प्रभावकारिताबारे पुनरावलोकन आवश्यक भएको बताए ।

लोककल्याणकारी विज्ञापन वितरण प्रणालीलाई पारदर्शी बनाउनुपर्ने बताउँदै उनले जनताको करबाट उठेको स्रोत नागरिक हितमै प्रयोग भइरहेको छ वा छैन भन्ने प्रश्नको उत्तर खोजिनुपर्छ भने । बैठकमा तीन तहका सरकारले एउटै प्रकृतिका कामका लागि छुट्टाछुट्टै संरचना निर्माण गर्दा सेवा प्रवाह जटिल बन्दै गएको, अधिकार र जिम्मेवारीमा अस्पष्टता रहेको तथा एक तहले गरेको काम अर्को तहले स्वीकार नगर्ने प्रवृत्तिले समन्वय कमजोर बनाएकोलगायत विषयहरू उठेका थिए ।

सञ्चारमाध्यम दर्ता र नवीकरण, सञ्चारकर्मीका लागि प्रेस पास वितरण, अनलाइन मिडिया व्यवस्थापन, प्रसारण क्षेत्र, चलचित्र र दूरसञ्चार क्षेत्रका कानुनी अस्पष्टता प्रमुख समस्याका रूपमा उठाइएको थियो । बुधबारको बैठकले रेडियोयन्त्र लाइसेन्स व्यवस्थापनलाई व्यवस्थित बनाउन रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ अनुसार प्रदेशले समन्वय गर्ने र कानुनी सुधारका लागि सबै प्रदेशबाट सुझाव सङ्कलन गरी कानुन संशोधन प्रक्रिया अघि बढाउने निर्णय गरिएको छ ।

अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरणलाई लिएर देखिएको अन्योल हटाउन छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४९ संशोधन गर्ने प्रक्रिया अघि बढाउने निर्णय बैठकले गरेको छ । विशेषगरी प्रदेश कानुनअनुसार दर्ता भएका अनलाइन मिडियाको नवीकरण प्रक्रियामा देखिएको समस्या समाधान गर्न तत्काल नियमावली संशोधन प्रक्रिया अघि बढाउने निर्णयसमेत भएको छ ।

सञ्चार क्षेत्रको डाटाबेस र नियमन प्रणालीलाई व्यवस्थित गर्न एकीकृत प्रणाली विकास गर्ने निर्णय पनि बैठकले गरेको छ । सञ्चार मन्त्रालय, प्रदेश, स्थानीय तह तथा प्रेस काउन्सिल नेपालसँग समन्वय गरी सञ्चारमाध्यमको एकीकृत प्रणाली विकास गरिनेछ । यसले सञ्चार संस्थाको दर्ता, नवीकरण, निगरानी र अभिलेखीकरणलाई एउटै प्रणालीमा ल्याउने छ । हुलाक सेवालाई पुनर्जीवित गर्दै सरकारी कुरियर सेवाका रूपमा रूपान्तरण गर्ने विषय बैठकको अर्को महत्त्वपूर्ण ‘एजेन्डा’का रुपमा रहेको थियो ।

राहदानी, सवारी चालक अनुमतिपत्र, सीमकार्ड, शैक्षिक प्रमाणपत्रलगायत सरकारी कागजात जनताको घरदैलोमा पु¥याउन हुलाक सेवा प्रयोग गर्ने सरकारको योजनाअनुसार यसका लागि प्रदेश र स्थानीय तहलाई आवश्यक समन्वय गर्न आग्रह गरिएको छ । हुलाक कार्यालयका जग्गा तथा सम्पत्तिमाथि भइरहेको अतिक्रमण रोक्न तथा अतिक्रमित सम्पत्ति फिर्ता गराउन सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने विषयमा पनि बैठकमा छलफल भएको थियो । साथै, सबै तहका सरकारले नीति तथा बजेटमार्फत हुलाक सेवाको विविधीकरण, आधुनिकीकरण र डिजिटल रूपान्तरणका लागि स्रोत सुनिश्चित गर्नेसक्नेबारे छलफल भएको छ । विज्ञापन क्षेत्रको व्यवस्थापनमा देखिएको असमानता हटाउन विज्ञापन बोर्डले तयार गरेको नमुना निर्देशिका र स्थानीय तहका लागि नमुना ऐन कार्यान्वयनमा ल्याउने तयारी थाल्ने पनि बैठकले निर्णय गरेको छ ।

तीन तहबीचको समन्वयमार्फत विज्ञापन प्रणालीलाई पारदर्शी, उत्तरदायी र एकरूप बनाउने लक्ष्य राखिएको छ । चलचित्र, वृत्तचित्र, फोटोग्राफी तथा डिजिटल सामग्री उत्पादनलाई उद्योगका रूपमा विकास गर्ने रणनीति पनि बैठकले अघि सारेको छ ।

प्राकृतिक तथा सांस्कृतिक सम्पदाको अन्तर्राष्ट्रिय प्रवद्र्धन गर्दै नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कन तथा सिर्जनात्मक गन्तव्य बनाउने उद्देश्य राखिएको छ । यसका लागि सबै तहका सरकारले सहजीकरण गर्ने प्रतिबद्धता जनाएका छन् ।

दूरसञ्चार क्षेत्रमा ग्रामीण दूरसञ्चार विकास कोषको प्रभावकारी उपयोग गरी स्थानीय तहमा ‘ब्रोडब्याण्ड’ सेवा निरन्तरता सुनिश्चित गर्ने, सरकारी प्रकाशन प्रणालीमा एकरूपता कायम गर्न प्रदेश र स्थानीय सरकारका राजपत्र छपाइ नेपाल सरकारले अपनाएको ढाँचाअनुसार गर्ने तथा भाषा आयोगले सिफारिस गरेका मातृभाषामा समाचार उत्पादन, प्रकाशन र प्रसारणलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउने निर्णय पनि बैठकले गरेको छ ।

मिथ्या सूचना नियन्त्रण र जिम्मेवार पत्रकारिता प्रवद्र्धनलाई प्राथमिकतामा राख्दै तीन तहका सरकारले जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालनलाई प्राथमिकतामा राख्ने निर्णय बुधबारको बैठकले गरेको छ ।

बैठकमा सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री हीरा सुनारले सञ्चार क्षेत्रलाई व्यवस्थित बनाउन सङ्घीय मन्त्रालयले सबै प्रदेशलाई समेट्ने स्पष्ट ‘छाता कानुन’ ल्याउनुपर्ने आवश्यकता औँल्याए ।

प्रदेशमा कर्मचारी अभाव गम्भीर समस्या रहेको उल्लेख गर्दै उनले प्रदेशस्तरमा आमसञ्चार विधेयक निर्माण प्रक्रिया अघि बढिरहेको जानकारी दिए । साइबर सुरक्षाजस्ता नयाँ चुनौतीमा स्पष्ट नीति अभाव रहेको उनले बताए । सञ्चार मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले तीन तहबीच देखिएका अधिकारसम्बन्धी द्विविधा हटाउन ‘अनबन्डलिङ’ प्रक्रिया अघि बढाउनुपर्ने बताए ।

प्रदेश र स्थानीय सरकारसँग थप छलफल गर्दै आवश्यक समन्वय मन्त्रालयले गर्ने जानकारी दिँदै उनले कतिपय विषय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत समन्वय भइरहेको बताए । बैठकले कार्य विस्तृतीकरण कार्यदलले तयार गरेको अध्ययन प्रतिवेदन प्रदेश र स्थानीय तहका छाता संस्थामा पठाएर सुझाव सङ्कलन गर्ने निर्णय गरेको छ । साथै, विषयगत समितिका निर्णय कार्यान्वयनको नियमित अनुगमन र प्रतिवेदन प्रणाली विकास गरिने छ । रासस

# नेपाल–भारत सम्बन्धलाई विकास कूटनीतिको नयाँ युगमा लैजान सकिन्छ’: लामिछाने

**काठमाडौं ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भएको भेटवार्ता फलदायी रहेको बताएका छन् ।

भारत भ्रमणका क्रममा प्रधानमन्त्री मोदीसँग भएको करिब एक घण्टाको भेटपछि सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै लामिछानेले नेपाल र भारतले विगतका सीमितताहरूलाई पार गर्दै विकास कूटनीतिको नयाँ युगतर्फ अघि बढ्न सक्ने बताएका हुन् ।

उनले साझा सभ्यतागत सम्बन्ध, डिजिटल कनेक्टिभिटी र सहज आवागमनका माध्यमबाट दुवै देशबीच विश्वास र प्रगतिमा आधारित साझेदारी निर्माण गर्न सकिने उल्लेख गरेका छन् ।



यसका साथै नेपाल र भारतका नागरिकको साझा समृद्धिका लागि ती सम्भावनालाई व्यवहारमा उतार्न रास्वपा प्रतिबद्ध रहेको बताएका छन् ।

यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रास्वपा सभापति लामिछानेसँगको भेटलाई सुखद भन्दै नेपाललाई भारतको ‘नेबरहुड फस्ट’ नीतिअन्तर्गतको प्राथमिक साझेदारका रूपमा उल्लेख गरेका थिए ।

**रविलाई भेटेपछि मोदीले लेखेः नेपालको नयाँ सरकारसँग सहकार्य गर्न तत्पर छौँ**

मोदीले सामाजिक सञ्जालमार्फत नेपाल र भारतको विशेष तथा बहुआयामिक सम्बन्धलाई अझ उचाइमा पु¥याउन मिलेर काम गर्न इच्छुक रहेको बताएका थिए । यसका साथै उनले साझा र समृद्ध भविष्य निर्माणका लागि लामिछानेको चाहनालाई स्वागत गर्दै त्यसमा आफू पनि पूर्ण रूपमा सहमत रहेको उल्लेख गरेका छन् ।

रविसहित रास्वपाको प्रतिनिधिमण्डल हाल भारत भ्रमणमा रहेको छ । भ्रमणका क्रममा भारतीय जनता पार्टी (भाजपा) का शीर्ष नेताहरूसँग भेटवार्ता तथा दुई दलबीच सम्बन्ध विस्तारका विषयमा छलफल भइरहेको छ ।

सोमबार भारत गएका रविले मंगलबार भारतीय जनता पार्टीका अध्यक्ष नीतिन नवीन, भारतीय विदेशमन्त्री एस. जयशंकर र भारतीय गृहमन्त्री अमित शाहलाई भेटेका थिए । रविसँग पत्नी निकिता पौडेल लामिछाने तथा रास्वपा सांसदहरू विपिन आचार्य र दीपक बोहोरा पनि भारत भ्रमणमा छन् । रासस

# कुवेत विमानस्थलमा आक्रमण



**दुबई ।**
इरान र संयुक्त राज्य अमेरिकाबीच बढ्दो सैन्य तनावबीच बुधबार कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा इरानी ड्रोन आक्रमण भएपछि व्यापारिक उडानहरू तत्कालका लागि स्थगित गरिएको छ । यस घटनामा धेरै मानिस घाइते भएका छन् र विमानस्थल संरचनामा गम्भीर क्षति पुगेको कुवेतले जनाएको छ ।

कुवेतको रक्षा मन्त्रालयका प्रवक्ता ब्रिगेडियर जनरल साउद अब्दुलाजिज अल–ओतैबीका अनुसार 'धेरै शत्रुतापूर्ण ड्रोन' ले विमानस्थलको यात्रु भवनलाई लक्षित गरी आक्रमण गरेका थिए । आक्रमणपछि भवनमा ठूलो क्षति पुगेको र धेरै व्यक्ति घाइते भएको पुष्टि गरिएको छ । इरानसँगको युद्धका कारण अस्थायी रूपमा बन्द रहेको विमानस्थल हालै जुन १ मा मात्र पुनः सञ्चालनमा आएको थियो ।

यो आक्रमण इरान र अमेरिकाबीच पछिल्ला दिनहरूमा क्षेप्यास्त्र र ड्रोन आक्रमणहरू आदानप्रदान भइरहेको समयमा भएको हो । मङ्गलबार राति अमेरिकी सेनाले कुवेत र बहराइनमा इरानी क्षेप्यास्त्र आक्रमणको जवाफस्वरूप इरानी सैन्य संरचनामा प्रहार गरेको बताएको थियो । अमेरिकी पक्षका अनुसार कुवेततर्फ प्रक्षेपित दुई मिसाइल बीचमै नष्ट भएका थिए भने बहराइनतर्फ लक्षित क्षेप्यास्त्रहरू रोकिएका थिए ।

अमेरिकी सेन्ट्रल कमान्डले कुवेतमा अमेरिकी सेनालाई लक्षित गर्दै आएका धेरै ड्रोनहरू खसालिएको जनाएको छ । त्यसैगरी इरानको इस्लामिक रिभोलुसनरी गार्डले बहराइन र अन्य क्षेत्रमा अमेरिकी सैन्य उपस्थिति भएका स्थानलाई लक्षित गरेको दाबी गरेको छ, यद्यपि कुवेतको नाम प्रत्यक्ष रूपमा उल्लेख गरिएको छैन ।

इरानी पक्षले अमेरिकी नाकाबन्दीबीच तेल ट्याङ्करमाथि गरिएको कथित आक्रमणको प्रतिक्रियामा यी कारबाही गरिएको बताएको छ । गार्डद्वारा जारी विज्ञप्तिमा पहिले चेतावनी दिइएको भए पनि आक्रमण भएमा कडा प्रतिक्रिया दिइने बताइएको छ ।

यसैबीच अमेरिकी सेन्ट्रल कमान्डले हर्मुज जलघाँटी नजिकै इरानी सैन्य सञ्चार तथा नियन्त्रण केन्द्रमा जवाफी कारबाही गरिएको जनाएको छ । दुवै पक्षले एकअर्कामाथि आक्रमण जारी राख्दा क्षेत्रीय तनाव थप चुलिएको देखिएको छ ।

यता इरानी समाचार एजेन्सीहरूले मध्यस्थकर्ताहरूसँग चलिरहेको वार्ता रोकिएको दाबी गरे पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त दाबीलाई अस्वीकार गर्दै वार्ता निरन्तर जारी रहेको बताएको छ । उनले सामाजिक सञ्जालमार्फत इरानसँगको वार्ता विभिन्न चरणमा अघि बढिरहेको र अन्तिम परिणाम अझै अनिश्चित रहेको उल्लेख गरे ।

क्षेत्रीय मध्यस्थतामा संलग्न एक अधिकारीका अनुसार इरानले हालै लेबनानमा युद्धविराम कार्यान्वयन नभएसम्म वार्ता अघि नबढाउने स्पष्ट सङ्केत दिएको थियो । तर परिस्थितिबारे आधिकारिक रूपमा कुनै स्थगन घोषणा नभएको बताइएको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले कङ्ग्रेसमा दिएको बयानमा वार्ताको आणविक पक्षबारे आशावादी दृष्टिकोण व्यक्त गरे पनि कुनै ठोस सम्झौता हुने ग्यारेन्टी नभएको स्पष्ट पारेको छ ।

कुवेत विमानस्थलमा भएको पछिल्लो आक्रमणले मध्यपूर्वमा चलिरहेको सैन्य तनाव अझै नियन्त्रण बाहिर जान सक्ने चिन्ता बढाएको छ । यसले नागरिक संरचना र अन्तर्राष्ट्रिय उडान सुरक्षामाथि थप दबाब सिर्जना गरेको छ । रासस

# कृषि उद्यमबाट सहकारीमा जम्दै मधेशका महिला



**महोत्तरी ।**
आम रूपमा मधेशमा महिलाको गणना चुलोचौकाको काममा मात्र गनिन्छ भन्ने गुनासो सुनिन्छ । तर पछिल्ला समयमा मधेशका महिलाले सहकारीका माध्यमले कृषि क्षेत्रका कामबाटै आफूलाई सामाजिक र आर्थिक क्षेत्रमा सफल उद्यमीका रूपमा उभ्याएका छन् ।

महिला मात्र आबद्ध महिला सामाजिक उद्यमी सहकारी मधेशमा स्थापित मानिन्छन् । मधेशका महोत्तरी, धनुषा, सर्लाही, रौतहट, सिरहा र बारासहित छ जिल्लामा महिला सामाजिक उद्यमी सहकारीमा आबद्ध महिलाले पशुपालन, तरकारी खेती र कृषि उत्पादनकै बेचबिखन गरिने पसल संस्थागत रूपमा सञ्चालन गरेर सफल उद्यमीको परिचय बनाएका छन् । महिलालाई यो कार्यमा अन्तर्राष्ट्रिय सामाजिक संस्था हेफर इन्टरनेसनलले सहयोग र उत्प्रेरणा गर्दै आएको छ ।

महोत्तरीको बर्दिबास–१० र ११ को खयरमारा सेरोफेरोलाई कार्यक्षेत्र बनाएको ज्योति महिला सामाजिक उद्यमी सहकारी बर्दिबास–११ का अध्यक्ष चनावती श्रेष्ठ भन्छिन्, अहिले हामीलाई काम भ्याइनभ्याइ छन् । यो सहकारीले दूधका लागि गाई÷भैँसीपालन, बाख्रापालन, बङ्गुरपालन, उपभोक्ता पसल सञ्चालन गर्दै आएको छ । समूहले पशुपालनलाई प्रवद्र्धन गर्न जई, मेण्डोला, स्टाइलो, नेपियर र डालेघाँसको बीउ उत्पादन गर्दै आएको छ ।

'हामीले यो वर्ष एक हजार बढी खसी बेचिसकेका छौँ, तीन हजारभन्दा बढी खसी पालेका छौँ,' ज्योति महिला सामाजिक उद्यमी सहकारीका सचिव सरस्वती विश्वकर्मा भन्छिन्, 'खयरमारामा पर्ने दुवै वडाभित्र १० भन्दा बढी बस्ती छन्, सबै बस्तीका महिला अहिले सहकारीमा आबद्ध हुने क्रम बढ्दो छ । सुरुमा २५ महिलाले सुरु गरेका यो सहकारीमा अहिले एक हजार ३७८ सेयर सदस्य पुगेका छन् ।'

सहकारीको कार्यसमितिको नियमित बैठक, साधारणसभालगायत गतिविधिमा सरिकता बढ्दै जाँदा अब यहाँका महिलाको विभिन्न क्षेत्रका स्थानीय विकासका सरोकारमा सहभागिता बढ्दै गएको बर्दिबास नगरपालिकाका उपप्रमुख तारादेवी महतो बताउँछिन् । यसैगरी, सर्लाहीको हरिपुर महिला सामाजिक उद्यमी सहकारी हरिपुरले दूध उत्पादनका लागि आफ्ना सदस्यलाई भैँसीपालनमा ऋण सहयोग गरेको छ । यो सहकारीले अहिले दूध सङ्कलन गर्न पाँच ठाउँ केन्द्र बनाएको छ । विसं २०६७ मा स्थापित यस सहकारीमा अहिले ८७४ सेयर सदस्य छन् । सहकारीको कुल कारोबार रु सात करोड नाघेको छ । सेयर सदस्यको बचत नै रु तीन करोड नौ लाख २८ हजार रहेको अध्यक्ष मञ्जु चौधरी थारु बताउँछिन् ।

'सहकारीमा दूधका लागि भैँसीपालन गर्ने र बाख्रापालन गर्ने सदस्यले मुख्य काम पाएका छन्, चौधरी भन्छिन्, यसपालि भर्खर बकर इद पर्वमा दुई हजार ५०० खसी बेचेका छौँ ।' सोअघि गत फागु पर्व र दसैँमा गरी तीन हजार खसी बेचिएको उनले बताइन् । यो सहकारीले आफ्ना सदस्यको घरमा हुने दूध किनेर विभिन्न परिकार बनाई बिक्री वितरण गर्ने गरेको छ । यसरी कृषि कार्यमा जुटेका महिलाको आर्जन निरन्तर बढ्दै गएको उनको भनाइ छ ।

यस्तै, सर्लाहीकै लालबन्दी–१६ न्यू उदय महिला सामाजिक उद्यमी सहकारीका १० भन्दा बढी सदस्यले दूध उत्पादनका लागि गाई, भैँसीपालनको कृषि फार्म नै सञ्चालन गरेका छन् । विसं २०७८ मा २५ जनाले सुरु गरेका यो सहकारीमा अहिले एक हजार ३० सेयर सदस्य पुगेका छन् । विदेशबाट फर्केका युवालाई कृषि कार्यमा जोड्न विशेष योजनासाथ लागिएको यस सहकारीकी व्यवस्थापक शर्मिला मोक्तान बताउँछिन् । यो सहकारीका सदस्यले पछिल्लो एक महिनाभित्र १ हजार २०० खसी बेचेको मोक्तानको भनाइ छ । यसैगरी, यो सहकारीले ८०० लिटरसम्म दूध सङ्कलन गरेर दूधजन्य परिकारको उद्योग सञ्चालन गरेको छ । यस्तै रौतहटको गजुरा–३ का महिलाले आरम्भ महिला सामाजिक उद्यमी सहकारी सञ्चालन गरेका छन् । यो सहकारीले खसीपालन, मासु बिक्री वितरण र निगुरोको साग (मुन्टा) बिक्री वितरण गरेर प्रशस्त आर्जन गर्दैछन् । अहिले ३५४ महिला आबद्ध यो सहकारीले चालु आर्थिक वर्ष २०८२÷८३ को हालसम्मको अवधिमा दुई हजार ५०० खसी बिक्री गरेको अध्यक्ष पुनम चौधरी थारुले बताइन् ।

महिलाको सहकारीमार्फत कृषि कार्यमा बढ्दो चासोमा घरका परिवारजनको राम्रो साथ सहयोग पाइने गरिएको उद्यमी महिलाको अनुभव छ । अवसर र सहयोग मिल्नसके महिलाले जस्तोसुकै काम पनि व्यवस्थित रूपले गर्न सक्छन् भन्ने मधेशका महिला सामाजिक उद्यमी सहकारीमा आबद्ध महिलाले चरितार्थ गरेका बर्दिबास–११ खयरमाराका सामाजिक अगुवा चन्द्रलाल गौतम बताउँछन् ।

हेफर इन्टरनेसनलले सहकारीमा आबद्ध महिलालाई व्यवसाय विस्तार र दिगोपनाका लागि आवश्यक साझेदारी र लगानीका अवसर खोज्न सहयोग समन्वय गर्दै आएको छ । हेफरको जनकपुरस्थित क्षेत्रीय कार्यालयले पूर्वी नेपालका १२ जिल्लाका महिला सामाजिक उद्यमी सहकारीलाई सहयोग समन्वय गर्दै आएको छ । यीमध्ये मधेशका छ जिल्ला छन् । अन्य जिल्लामा बागमती प्रदेशका चार र कोशी प्रदेशका दुई जिल्ला रहेका हेफर इन्टरनेसनल जनकपुर क्षेत्रीय कार्यालयका प्रमुख दीपेश पोखरेलले जानकारी दिए ।

मधेशका महिला सामाजिक उद्यमी सहकारीहरूको समीक्षा र मूल्याङ्कनसहितको मङ्गलबार बर्दिबासमा सम्पन्न योजना तथा लगानी सम्मेलनमा सहकारी प्रतिनिधिले हालसम्मको कामको समीक्षा गर्नसँगै भावी योजना पनि प्रस्तुत गरेका छन् । सम्मेलनको मुख्य ध्येय यी सहकारीहरूको व्यवसाय वृद्धि योजना तयार गर्ने, नवीन सोच र उद्यमशीलता विकास गर्ने र लगानीकर्तासम्म प्रभावकारी पहुँच बढाउने रहेको महिला सामाजिक उद्यमी सञ्जाल बागमती प्रदेश उपाध्यक्ष होमकुमारी ठकुरीले स्पष्ट पारिन् । हेफरको जनकपुर क्षेत्रीय कार्यालयको समन्वयमा रहेका १२ जिल्लाका महिला सामाजिक उद्यमी सहकारीमा ६२ हजार महिला आबद्ध छन् । यो सङ्ख्याभित्र मधेशका २० हजार बढी महिला आबद्ध रहेका क्षेत्रीय कार्यालय प्रमुख पोखरेलको भनाइ छ । यी सहकारीमा महिलाले देखाएका तत्परता र गरेका कामको उपलब्धि साँच्चै हौसला बढाउने तहको भएको हेफर क्षेत्रीय कार्यालय जनकपुरको मूल्याङ्कन छ । उद्यमी महिलाले घर, परिवार, समाज र यहाँका निकायबाट सकारात्मक सहयोग र समन्वय पाउन सके सहकारीका माध्यमबाट निकै उपलब्धि हासिल हुने सामाजिक आन्दोलनकी नेत्री बर्दिबास–३ का बासिन्दा सरस्वती चौधरीको प्रतिक्रिया छ । रासस

# इनड्राइभको 'रेट मिलाऔं, मःम खाऔं' अभियानः २ हजार ४०० भन्दा बढीको सहभागिता




**मधेशदृष्टि**
**काठमाडौँ ।**
विश्वव्यापी मोबिलिटी तथा डेलिभरी प्लेटफर्मले काठमाडौंका विभिन्न प्रमुख स्थानमा सञ्चालन गरेको 'रेट मिलाऔं, मःम खाऔं' अभियान सफलतापूर्वक सम्पन्न गरेको छ । काठमाडौंको दैनिक जीवनमा गहिरोसँग स्थापित मोलमोलाइ (बार्गेनिङ) संस्कृतिलाई केन्द्रमा राखेर सञ्चालन गरिएको अभियानमा करिब २,४०० जनाले प्रत्यक्ष सहभागिता जनाएका छन् । शहरी युवा तथा विद्यार्थी समुदायलाई लक्षित गरी सञ्चालन गरिएको उक्त अभियानले यात्रुले आफ्नै भाडा प्रस्ताव गर्न सक्ने इनड्राइभको विशेष सेवाबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्य राखेको थियो । इनड्राइभको प्लेटफर्ममा यात्रुले प्रस्ताव गरेको भाडालाई चालकले स्वीकार, अस्वीकार वा प्रतिप्रस्ताव गर्न सक्ने सुविधा रहेको छ, जसले दुवै पक्षलाई निष्पक्ष र पारदर्शी रूपमा भाडा निर्धारण गर्ने अवसर प्रदान गर्छ ।

'इनड्राइभसँग यात्रा, तपाईंकै रोजाइमा' भन्ने मूल सन्देशसहित सञ्चालन गरिएको अभियानले यात्रु र चालक दुवैलाई थप स्वतन्त्रता, लचकता तथा पारदर्शिताको अनुभव दिलाउने कम्पनीको दाबी छ । यात्रुले एपमार्फत आफ्नो रोजाइअनुसार भाडा प्रस्ताव गर्न सक्ने र चालकले त्यसमा प्रतिप्रस्ताव गर्न सक्ने प्रणालीमार्फत अन्तिम भाडा आपसी सहमतिमा तय हुने व्यवस्था रहेको जानकारी अभियानमार्फत दिइएको थियो । अभियानअन्तर्गत बागबजार, जनबहाल, पिम्बहाल र ठमेलमा विशेष ब्रान्डेड मःम स्टल सञ्चालन गरिएको थियो । सहभागीहरूले ह्वील स्पिन, मोलमोलाइ चुनौतीलगायत विभिन्न मनोरञ्जनात्मक तथा अन्तरक्रियात्मक गतिविधिमा उत्साहजनक सहभागिता जनाएका थिए । चुनौती सफलतापूर्वक पूरा गर्ने सहभागीहरूले निःशुल्क मःमसँगै इनड्राइभका ब्रान्डेड उपहार सामग्री प्राप्त गरेका थिए ।

कम्पनीका अनुसार अभियानले सामाजिक सञ्जालमा समेत उल्लेखनीय पहुँच र सकारात्मक प्रतिक्रिया हासिल गरेको छ । विशेषगरी युवा यात्रु तथा विद्यार्थी समुदायबीच अभियान प्रभावकारी बनेको बताइएको छ । कम्पनीले यस अभियानमार्फत निष्पक्षता, यात्रुको रोजाइको स्वतन्त्रता तथा पारदर्शी मूल्य निर्धारणको अवधारणालाई थप प्रभावकारी रूपमा उजागर गर्न सफल भएको जनाएको छ । इनड्राइभ नेपालकी कन्ट्री रेप्रिजेन्टेटिभ रिता पोखरेल ले काठमाडौंमा स्थानीय बजारदेखि दैनिक यातायात सेवासम्म मोलमोलाइ गर्ने चलन गहिरोसँग स्थापित रहेको उल्लेख गर्दै 'रेट मिलाऔं, मःम खाऔं' अभियानमार्फत यही व्यवहारलाई रमाइलो र सहभागितामूलक ढंगले प्रस्तुत गरिएको बताए ।

उनका अनुसार अभियान सञ्चालन गरिएका चारै स्थानबाट अत्यन्त सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । यसले काठमाडौंका युवा यात्रुहरूले दैनिक यात्रामा थप विकल्प, पारदर्शिता र लचकताको अवधारणालाई सकारात्मक रूपमा ग्रहण गरेको देखाएको छ भने चालकहरूमा पनि आफूअनुकूल भाडा छनोट गर्न पाउने निष्पक्ष अवसरबारे बुझाइ बढाएको छ । उनले यस्ता अभियानहरूले समुदायसँग स्थानीय परिवेशअनुकूल, सहज र अर्थपूर्ण सम्बन्ध स्थापित गर्न मद्दत गर्ने उल्लेख गर्दै निष्पक्षता, पारदर्शिता र रोजाइको स्वतन्त्रताप्रतिको इनड्राइभको मूल दर्शनलाई थप सशक्त रूपमा प्रवद्र्धन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# मध्यपूर्वमा तनाव कायम



**रमल्लाह ।**
मध्यपूर्वमा विभिन्न मोर्चामा युद्धविरामका घोषणा गरिए पनि क्षेत्रभर लडाइँ तीव्र भइरहँदा स्थायी शान्तिको सम्भावना अझै अनिश्चित बनेको छ । गाजा, लेबनान र इरानमा औपचारिक युद्धविरामका दाबीहरूबीच पनि जमिनमा हिंसा रोकिएको छैन, जसले 'युद्धविराम' शब्दकै प्रभावबारे प्रश्न उठाएको छ ।

पछिल्ला केही हप्तामा इजरायली सेनाले गाजामा आफ्नो नियन्त्रण विस्तार गर्दै थप क्षेत्र कब्जा गरेको छ भने हमासका शीर्ष लडाकूहरू सहित दर्जनौँ मानिसको मृत्यु भएको बताइएको छ । यसैबीच, लेबनानमा इजरायली सेनाले आफ्नो दशकौँयताकै गहिरो सैन्य कारबाही गरेको दाबी गरिएको छ । त्यहाँ हिजबुल्लाहले उत्तरी इजरायलमा रकेट प्रहार जारी राखेको छ ।

लेबनानमा जारी तनावबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुबै पक्षले तनाव घटाउने सहमति जनाएको बताउनुभएको छ, तर युद्धमैदानमा भने लडाइँ रोकिएको छैन । संयुक्त राज्य अमेरिका र इरानबीच पनि स्थायी युद्धविरामका लागि प्रयास भइरहेका बेला सीमित झडपहरू जारी छन् । इरानले हर्मुज जलघाँटीमा आफ्नो नियन्त्रण कायम राखिरहेको छ भने अमेरिकी पक्षले इरानी बन्दरगाहहरूमा नाकाबन्दीलाई अझ कडा बनाउने प्रयास गरेको छ । यसले विश्व ऊर्जा आपूर्तिमा थप दबाब सिर्जना गरेको छ ।

यद्यपि औपचारिक रूपमा कुनै पनि पक्षले युद्धविरामबाट पूर्ण रूपमा बाहिरिने घोषणा गरेका छैनन्, तर व्यवहारमा भने सम्झौताहरू कमजोर बन्दै गएको देखिएको छ । गाजामा इजरायलले सन् २०२३ को अक्टोबर ७ को हमास आक्रमणपछि सुरु भएको युद्धविरामलाई शान्तिको आधार बनाउने भनिए पनि त्यसपछि अपेक्षित प्रगति हुन सकेको छैन । हमासले निःशस्त्रीकरण गर्न अस्वीकार गरेको र इजरायली सेना अझै पनि अग्रसर हुँदै गएको आरोप–प्रत्यारोप जारी छ ।

स्थानीय स्रोतका अनुसार गाजाका झण्डै साढे नौ लाखभन्दा बढी प्यालेस्टिनी अस्वस्थ पालका शिविरहरूमा बस्न बाध्य छन् ।

त्यहाँ सफाइ, पानी र स्वास्थ्य समस्याले जीवन कठिन बनेको छ । अमेरिका र इजरायलले हमासलाई जिम्मेवार ठहर गर्दै निःशस्त्रीकरणको अभावले प्रक्रिया अवरुद्ध भएको बताएका छन् भने हमासले इजरायलले बारम्बार युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएको छ, जसमा महिला र बालबालिकासहित सयौँको मृत्यु भएको दाबी गरिएको छ ।

इजरायलले गाजाको करिब ६० प्रतिशत भूभाग नियन्त्रणमा लिएको बताइएको छ । यो युद्धविरामअघि करिब आधा मात्र थियो । प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले नियन्त्रण अझ बढाउने सङ्केत गर्नुभएको छ, जसलाई अमेरिकी विदेशमन्त्री मार्को रुबियोले वासिङ्टनको शान्ति योजनासँग मेल नखाने बताउनुभएको छ ।

लेबनानमा पनि युद्धविरामको प्रभाव कमजोर देखिएको छ । इजरायल र इरान समर्थित हिजबुल्लाहबीच दक्षिणी क्षेत्रमा झडप जारी छ । इजरायली सेनाले ब्युफोर्ट किल्लामा आफ्नो झण्डा फहराएको घटनालाई दशकौँपछिको सबैभन्दा गहिरो सैन्य प्रवेशका रूपमा लिइएको छ भने हिजबुल्लाहले उत्तरी इजरायलमा रकेट आक्रमण गरेको छ ।

सन् २०२४ को युद्धविरामपछि पनि इजरायली आक्रमण नरोकिएको र हिजबुल्लाहले पूर्ण रूपमा सम्झौता स्वीकार नगरेको अवस्था देखिएको छ । इजरायलले आफ्नो उत्तरी क्षेत्र सुरक्षित नभएसम्म लडाइँ जारी राख्ने स्पष्ट पारेको छ । यसैबीच इरानले अमेरिकासँगको कुनै पनि दीर्घकालीन सम्झौतामा लेबनानको अवस्था पनि समेटिनुपर्ने अडान राखेको छ । यसले वार्तालाई अझ जटिल बनाएको छ ।

हर्मुज जलघाँटीमा पनि तनाव निरन्तर छ । अमेरिकी पक्षले नाकाबन्दी कडा बनाइरहेको र इरानले यसको जवाफमा सैन्य गतिविधि बढाइरहेको बताइएको छ । पछिल्ला दिनहरूमा दुवै पक्षबीच ड्रोन र क्षेप्यास्त्र आक्रमणसमेत भएको छ ।

सप्ताहन्तमा इरानले अमेरिकी ड्रोन खसालेपछि अमेरिका र इरानबीच थप सैन्य कारबाही भएको र खाडी क्षेत्रमा अमेरिकी सैन्य अड्डाहरू लक्षित आक्रमण प्रयास गरिएको विवरण सार्वजनिक भएको छ ।

विश्लेषकहरूका अनुसार मध्यपूर्वमा हालको अवस्था औपचारिक सम्झौता भए पनि व्यवहारमा युद्ध रोकिएको छैन भन्ने उदाहरण बनेको छ । यसले 'युद्धविराम' शब्दको विश्वसनीयतामै प्रश्न उठाएको छ । रासस

# कोशी प्रदेशमा पनि बेरुजु बढ्दो




**विराटनगर ।**
महालेखा परीक्षकको कार्यालयले कोशी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ रु ५८ करोड ६६ लाख ८३ हजार बेरुजु रहेको जनाएको छ । महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा कोशी प्रदेशका १८२ सरकारी कार्यालय, समिति तथा २६ अन्य संस्थाका गरी कूल २०८ निकायको लेखा परीक्षणबाट सो परिमाणको बेरुजु देखिएको उल्लेख छ ।

प्रदेश प्रमुख पर्शुराम खापुङलाई महालेखा परीक्षकको कार्यालयका नायब महालेखा परीक्षक श्रीकुमार राईले मङ्गलबार वार्षिक प्रतिवेदन पेस भएको थियो । उक्त प्रतिवेदनले सरकारी कार्यालयतर्फ असुल गर्नुपर्ने रु १४ करोड ६५ लाख १९ हजार, अनियमित भएको रु सात करोड ३२ लाख ६३ हजार, प्रमाण कागजात पेस नभएको रु २७ करोड ४५ लाख ६१ हजार र पेस्की रु तीन करोड तीन लाख ३७ हजार बेरुजु देखाइएको छ ।

समिति तथा अन्य संस्थातर्फ असुल गर्नुपर्ने रु ५१ लाख ८५ हजार, अनियमित भएको रु चार करोड ६९ लाख ९३ हजार, प्रमाण कागजात नपुगेको रु ९० लाख २५ हजार र पेस्की रु आठ लाख बेरुजु रहेको प्रतिवेदनमा उल्लेख छ । लेखापरीक्षण अङ्कको एक दशमलव १२ प्रतिशत आव २०८१÷८२ मा बेरुजु कायम भएको देखाइएको छ । प्रतिवेदनमा हालसम्म बाँकी बेरुजु प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु रु पाँच अर्ब ६३ करोड पाँच लाख ३९ हजार रहेको नायब महालेखा परीक्षक राईले जानकारी दिनुभयो ।

प्रतिवेदनमा आव २०८१÷८२ मा प्रदेश सरकारको नौ वटा मन्त्रालय, प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र स्थानीय तह(वित्तीय हस्तान्तरण)समेत गरी रु ४६ अर्ब ५४ करोड १४ लाख २३ हजार अङ्कको लेखापरीक्षणमा असुल गर्नुपर्ने रु १४ करोड ६५ लाख १९ हजार, नियमित गर्नुपर्ने रु ३४ करोड ७८ लाख २४ हजार, पेस्की रु तीन करोड तीन लाख ३७ हजार देखाएको छ । प्रतिवेदनमा मन्त्रालयतर्फ सबैभन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालयमा ५६ दशमलव १० प्रतिशत, खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालयमा २४ दशमलव १८ प्रतिशत र पर्यटन, वन तथा वातावरण मन्त्रालयको नौ दशमलव शून्य एक प्रतिशत रकम बेरुजु रहेको पाइएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बेरुजु शून्य रहेको छ भने अन्यतर्फ चार प्रतिशतभन्दा मुनि रहेको छ । सोही आवमा स्थानीय तहतर्फ एक महानगरपालिका, एक उपमहानगपालिका, ४३ नगरपालिका र ८३ गाउँपालिका गरी १२८ वटा निकायको कूल रु एक खर्ब ८७ अर्ब ६१ करोड ७२ लाख ५३ हजार बराबर अङ्कको लेखापरीक्षण गरिएको जनाइको छ । त्यसबाट पेस्कीको बेरुजु रु दुई अर्ब ७८ करोड ८५ लाख ११ हजार र पेस्कीबाहेकको बेरुजु रु दुई अर्ब ६२ करोड ९२ लाख ४८ हजार रहेको प्रतिवेदनमा औँल्याइएको छ ।रासस

# जनप्रतिनिधिलाई मानसिक स्वास्थ्यसम्बन्धी सचेतना

**कर्णाली ।**
कर्णाली प्रदेशका स्थानीय तहका दलित जनप्रतिनिधिलाई मानसिक स्वास्थ्यसम्बन्धी सचेतना प्रदान गरिएको छ । कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सुर्खेतद्वारा आज वीरेन्द्रनगरमा आयोजित अन्तरक्रिया कार्यक्रममार्फत यहाँका ७९ स्थानीय तहका जनप्रतिनिधिहरुलाई मानसिक स्वास्थ्य र नसर्ने रोगबारे सचेतना प्रदान गरिएको हो ।




कार्यक्रममा विश्व स्वास्थ्य सङ्गठन (डब्लएचओ)का प्रतिनिधि प्रदीप अधिकारीले नसर्ने रोगबाट विश्व मानव समुदायलाई प्रभावित तुल्याइ रहकाले हरेक देश र नागरिकले यसबारे सजग हुन आवश्यक रहेको बताए ।

नसर्ने रोगको पहिचान, नियन्त्रण तथा रोकथामका लागि थुप्रै प्रयास भइरहे पनि विश्वमा लाखौँ र नेपालमा हजारौँ मानिसले ज्यान गुमाउन परेकाले मानसिक तथा शारीरिक स्वास्थ्य बनाउन व्यक्ति स्वयंले आफ्नो जीवनशैली सुधार्न र सरकारले जारी गर्ने नीति निर्देशन अवलम्बन गर्नुपर्नेमा उनले जोड दिए ।

कर्णाली प्रदेशका मानसिक रोग विशेषज्ञ डा सुशील समदर्शीले पछिल्लो समयमा मानसिक तथा नसर्ने रोग समाजमा बढिरहेको तथ्याङ्क प्रस्तुत गरे । गरिबी, अशिक्षा, अभाव, सूचना तथा प्रविधि, सामाजिक सञ्जाल तथा बदलिँदो जीवनशैलीका कारण हरेक परिवार तथा समाजमा मानसिक रोग देखिन थालेको र यसले चिन्ता, उदासिनता तथा आत्महत्याजस्ता घटना बढ्दै गएकाले समयमै यसको पहिचानका साथै नियन्त्रण तथा रोकथामका उपायबारे उनले बताए ।

सामाजिक विकास मन्त्रालय सुर्खेतका मानसिक स्वास्थ्य कार्यक्रमका सम्पर्क व्यक्ति खगेन्द्रप्रकाश गैरेले नसर्ने मुटुरोग, हाइपरटेन्सन, क्यान्सर, मधुमेह र श्वासप्रश्वासको समस्याजस्ता रोग बढिरहेकाले त्यसबारे स्थानीय तहका दलित जनप्रतिनिधिलाई जनचेतना अभिवृद्धि गर्ने उद्देश्य राखेर कार्यक्रम गरिएको बताए । यसबाट समयमै रोगको पहिचान भई अकाल मृत्यु हुनबाट जोगाउने सहयोग मिल्ने उनको भनाइ थियो ।

सचेतना कार्यक्रममा कर्णाली प्रदेशसभा सदस्य रनसिंह परियार, प्रदेशसभाका पूर्वसदस्य सीता नेपाली, जिल्ला समन्वय समिति सुर्खेतका प्रमुख गङ्गाराम सुनार, गुर्भाकोट नगरपालिकाका उपाध्यक्ष मैना विक, चौकुने गाउँपालिकाका अध्यक्ष खड्क विकलगायतका स्थानीय तहका कार्यपालिका सदस्यसहित ९५ जनाको सहभागिता थियो ।रासस

# बजेटले निजी क्षेत्रको आत्मविश्वास अभिवृद्धि गरेको महासङ्घको निष्कर्ष

**काठमाडौँ ।**
नेपाल घरेलु तथा साना उद्योग महासङ्घले सरकारले हालै प्रस्तुत गरेको बजेटले निजी क्षेत्रको आत्मविश्वास अभिवृद्धि गरेको महासङ्घको निष्कर्ष निकालेको छ । महासङ्घको २६ औँ महाधिवेशन तथा २३ औँ राष्ट्रिय महिला उद्यमी सम्मेलनका बारेमा जानकारी दिन आज यहाँ आयोजित पत्रकार सम्मेलनमा महासङ्घका अध्यक्ष उमेशप्रसाद सिंहले आर्थिक पुनरुत्थान, उत्पादनमूलक क्षेत्रको प्रवद्र्धन, उद्यमशीलता विकास तथा निजी क्षेत्रको मनोबल अभिवृद्धिमा आगामी आर्थिक वर्ष २०८३÷०८४ को बजेटले योगदान पु¥याउने विश्वास व्यक्त गरे ।




अर्थतन्त्रलाई चलायमान बनाउन तथा निजी क्षेत्रको आत्मविश्वास अभिवृद्धि गर्न बजेटले महत्वपूर्ण आधार निर्माण गर्नेमा आफूहरु विश्वस्त रहेको उनले बताए ।

बजेटमा उद्योग तथा व्यवसायमैत्री कर नीतिको सुधार, उद्यमशीलता विकास, डिजिटल अर्थतन्त्रको प्रवद्र्धन, उत्पादन र रोजगारी अभिवृद्धिमा केन्द्रित योजना, ऊर्जा तथा पूर्वाधार विकासलाई प्राथमिकता दिइएको विषयलाई सकारात्मकरुपमा लिन सकिन्छ", बजेटबारे महासङ्घको धारणा सार्वजनिक गर्दै उनले भने ।

महासङ्घले आर्थिक गतिविधिमा भएको सुस्तता, लगानी विस्तारको चुनौती, उत्पादन तथा बजार व्यवस्थापनका समस्या, वित्तीय पहुँचमा कठिनाइ तथा सिाना उद्योग व्यवसायीले भोग्दै आएका समस्या बजेटले सम्बोधन गर्ने अपेक्षा गरेको छ । नीतिगत सुधारको घोषणाबाट लघु, घरेलु तथा साना उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि, उत्पादन लागत घटाउन तथा बजार पहुँच विस्तार गर्न सहयोग पुग्नेछ, अध्यक्ष सिंहले भने ।

बजेटमा समेटिएका जनमुखी, उत्पादनमुखी तथा विकासमुखी कार्यक्रमको सफल कार्यान्वयनका लागि सरकारसँग सहकार्य गर्न महासङ्घ प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले निजी क्षेत्र र सरकार बीचको साझेदारीलाई अझ सुदृढ बनाउँदै लैजानुपर्ने आवश्यकता औँल्याए ।

**जेठ २४ र २५ गते २६औँ महाधिवेशन**
महासङ्घ स्थापनाको ३७ वर्ष प्रवेशका अवसरमा यही जेठ २४ र २५ गते ललितपुरमा २६औँ राष्ट्रिय महाधिवेशन तथा २३औँ राष्ट्रिय महिला उद्यमी सम्मेलन आयोजना गरिएको छ । महाधिवेशनमा सात वटै प्रदेश र ७७ वटै जिल्लाका प्रतिनिधि तथा पर्यवेक्षक र महिला उद्यमी प्रतिनिधि गरी करिब एक हजार जनाको सहभागिता रहने अध्यक्ष सिंहले जानकारी दिए ।

उद्यमी सम्मेलनले महासङ्घको सङ्गठनात्मक सुदृढीकरण, विगतको प्रगति समीक्षा, भावी कार्यदिशा एवं नीति तथा कार्यक्रम तर्जुमा गरी आवश्यक नीतिगत सुधारका विषयमा समयसापेक्ष निर्णय गर्ने उनले बताए । महाधिवेशनले महासङ्घ र केन्द्रीय महिला उद्यमी समितिको आगामी तीन वर्षका लागि नयाँ नेतृत्व चयन गर्नेछ ।रासस

# अन्तरजातीय विवाह गर्ने जोडीलाई सुरक्षा, सहयोग र पुनःस्थापनाको व्यवस्था गर्ने

**काठमाडौं ।**
गण्डकी प्रदेश सरकारले अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने घोषणा गरेको छ । आगामी आर्थिक वर्ष २०८३÷०८४ को नीति तथा कार्यक्रम मार्फत सरकारले अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्दै परिवार र समाजबाट अपहेलित बनेका जोडीहरूलाई आवश्यक सुरक्षा, सहयोग र पुनःस्थापनाको व्यवस्था गर्ने जनाएको छ ।

सरकारले दलित समुदायको अधिकार तथा सशक्तीकरणका लागि विशेष प्राथमिकताका साथ कार्यक्रमहरू घोषणा गरेको छ । सामाजिक न्याय र समानताको नीतिलाई आत्मसात गर्दै राज्यले दलित समुदायको शिक्षा, सीप, रोजगारी, उद्यमशीलता र नेतृत्व विकासका लागि लक्षित कार्यक्रम ल्याउने प्रदेश प्रमुख डिल्लीराज भट्टले जनाए ।

यस्तै, दलित समुदायको परम्परागत ज्ञान, सीप, कला, पेसा र व्यवसायलाई आधुनिक र यान्त्रिकीकरण गरिने सरकारले जनाएको छ ।

दलित समुदायको शिक्षा र आर्थिक विकासमा जोड दिँदै समाजमा जरा गाडेर बसेको जातीय विभेद तथा छुवाछूत प्रथाको अन्त्य गर्न शून्य सहनशीलताको नीति अवलम्बन गर्ने भट्टले बताए ।रासस

# कोशीमा बालविवाहका ३८ सूचना दर्ता, मोरङमा सबैभन्दा बढी



**झापा ।**
कोशी प्रदेशमा चालु आर्थिक वर्षको १० महिनामा बालहेल्पलाइन सेवामा ३८, बालविवाहसम्बन्धी सूचना दर्ता भएका छन् । हराएका बालबालिका खोजतलास समन्वय केन्द्रको कोशी टोल फ्री हेल्पलाइन १०९८ मा आर्थिक वर्ष २०८२/८३ को साउनदेखि वैशाख मसान्तसम्म सो संख्यामा सूचना दर्ता भएका हुन् ।

बालअधिकार तथा संरक्षणकर्मी सुमन अधिकारीका अनुसार प्रदेशका १४ जिल्लामध्ये चार वटा जिल्लाबाट मात्रै ती सूचना दर्ता भएको जानकारी दिए ।

उनले सबैभन्दा बढी मोरङमा २४ सुनसरीमा ११, इलाममा दुई र उदयपुरमा एउटा सूचना दर्ता भएको जानकारी दिए । हेल्पलाइन (१०९८) वा प्रहरी हेल्पलाइन (१०४) मा बालविवाह, हिंसा वा शोषणसम्बन्धी सूचना दर्ता भएपछि बालबालिकालाई संरक्षण, उद्धार र पुनःस्थापना गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरेर सेवा दिने गरिएको छ ।

विसं २०७८ को राष्ट्रिय जनगणनाअनुसार कोशी प्रदेशमा नौ हजार ७१३, बालविवाहका घटना भएको तथ्याङ्क छ । पछिल्लो समय टोलटोलमा गठन भएका बाल सञ्जाल र विद्यालयमा सञ्चालित बालक्लबका कारण बालविवाह न्यूनीकरणका क्षेत्रमा महत्वपूर्ण उपलब्धि भइरहेको संरक्षणकर्मी अधिकारीले जानकारी दिए ।रासस

# दलित पत्रकार सङ्घको अध्यक्षमा बराइली

**काठमाडौँ ।**
राष्ट्रिय दलित पत्रकार सङ्घ नेपालको अध्यक्षमा रेडियो धनकुटाका व्यवस्थापक गोपाल बराइली निर्वाचित भएका छन् ।



मङ्गलबार सम्पन्न सङ्घको दोस्रो महाधिवेशनबाट उहाँको नेतृत्वमा ४५ सदस्यीय कार्यसमिति निर्वाचित भएको हो । सङ्घको वरिष्ठ उपाध्यक्षमा गोरखापत्रका लक्ष्मण दर्नाल, खुला उपाध्यक्षमा विनोद परियार (रेडियो जागरण), महिला उपाध्यक्षमा सावित्री रसाइली (नेपाल टेलिभिजन), कोशी प्रदेश उपाध्यक्षमा सरिता बराइली (रेडियो नेपाल), मधेस प्रदेशबाट भोला पासवान (अवलोकृत डटकम) र बागमती प्रदेशबाट सुशील दर्नाल (रासस) निर्वाचित भएका छन् । यसैगरी, नरभूपाल विक (गण्डकी प्रदेश), मानसिंह विक (लुम्बिनी प्रदेश), टेकेन्द्र रसाइली (कर्णाली प्रदेश) र प्रेम विक (सुदूरपश्चिम प्रदेश) र समावेशी उपाध्यक्षमा भीमबहादुर गन्धर्व निर्वाचित भएका छन् ।

महासचिवमा करन ताम्राकार, सचिवमा चिन्ता परिवार, राजेशकुमार पासवान, सुनिता नेपाली र वसन्त विश्वकर्मा र कोषाध्यक्ष सञ्जय सौगातसहित ३५ सदस्यीय कार्यसमिति निर्वाचित गरिएको छ । ४५ सदस्यीय कार्यसमितिमा १० जना पछि मनोनित गरिने नवनिर्वाचित अध्यक्ष बराइलीले बताए ।रासस

# अध्ययन बिदा दुरुपयोग गर्ने ४१ प्राध्यापकबाट १० करोड असुल

**काठमाडौँ ।**
अध्ययन बिदामा गएर लामो समयसम्म सेवामा नफर्किएका त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरूले धमाधम रकम फिर्ता गर्न थालेका छन् ।
अध्ययन बिदाको दुरुपयोग गरी विश्वविद्यालयलाई हानि पुर्याएकोबारे सरकारले चासो लिएपछि लामो समयदेखि बिदामा रहेर सेवामा नफर्किएका प्राध्यापकहरूले रकम फिर्ता गर्न थालेका हुन् ।
विश्वविद्यायलका अनुसार हालसम्म ४१ जना प्राध्यापकले रकम फिर्ता गरेका छन् । यसबाट १० करोड ४६ लाख ५६ हजार ८ सय ४ रुपैयाँ विश्वविद्यालयको पेन्सन कोषमा दाखिला भएको छ ।
अध्ययन बिदामा रहेका १ सय ९१ प्राध्यापकमध्ये ४१ जनाले रकम फिर्ता गरेको छानबिन समितिका संयोजक डा. जीवन काफ्लेले जानकारी दिए । उनका अनुसार ६२ जनाले रकम फिर्ताका लागि समितिसमक्ष निवेदन दिएका छन् । यीमध्ये ५४ जनालाई समितिले पत्र काटेको छ ।
शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलको चासो र सक्रियताले गर्दा त्रिविले कामलाई तीव्र गतिमा अगाडि बढाएको छ । मन्त्रालयले अध्ययन बिदामा गएर नफर्किने प्राध्यापकहरूलाई कबुलियतनामाअनुसार चाँडो रकम फिर्ता गराउन निर्देशन पनि दिएको छ ।
संयोजक काफ्लेले अध्ययन बिदामा गएर सेवामा नफर्किने प्राध्यापकहरूबाट रकम फिर्ता गर्ने क्रम जारी रहेका जानकारी दिँदै रकम फिर्ता नगरेकाहरूलाई अविलम्ब रकम बुझाउन आह्वान गरेका छन् ।
विश्वविद्यालयका प्राध्यापक सेवामा नफर्किँदा दुई अर्ब बढीको नोक्सानी भएको जनाइएको छ ।
विश्वविद्यालयको नियमअनुसार शिक्षक–कर्मचारीले पाँच वर्षसम्म अध्ययन बिदा पाउँछन् ।
विश्वविद्यालयका निमित्त उपकुलपति डा. सुशीलबहादुर बज्राचार्यले अध्ययन बिदामा गएर सेवामा नफर्किने प्राध्यापकहरूले नियमअनुसार बिगो रकम चाँडो फिर्ता गरेर सहजीकरण गरिदिन आग्रह गरेका छन् । उनले कानुनअनुसार सबै प्रक्रिया पूरा गरेर पटक पटक सूचना प्रकाशन गरिएको राससलाई बताए । निर्धारित समयमा सम्पर्कमा नआए कानुनअनुसार हुने उनले बताए । मन्त्रालयको पहलपछि त्रिविले छानबिन समिति बनाएर अध्ययन बिदाको दुरुपयोग गर्ने प्राध्यापकहरूको खोजी गरी उनीहरूबाट रकम असुली गरिरहेको छ ।
यससम्बन्धी समाचार प्रकाशित भएपछि त्रिविले अध्ययन बिदामा गएर नफर्किने शिक्षक–कर्मचारीहरूको खोजबिन गर्न डा. काफ्लेको संयोजकत्वमा तीन सदस्यीय समिति बनाएको थियो । समितिमा कृष्णहरि आचार्य र दीपक तिवारी सदस्य छन् ।
समितिले खोजबिन गर्दा करिब ३ सय ९८ प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेको भेटिएको थियो । समितिका संयोजक डा. काफ्लेले अध्ययन बिदामा विदेश गएकामध्ये नफर्किनेको संख्या बढ्दा विश्वविद्यालयले आर्थिक क्षतिका साथै शैक्षिक समस्या र नैतिक नोक्सानी व्यहोरिरहेको बताए ।
त्रिवि कार्यकारी परिषद्ले २०८१ पुस २५ गते छानबिन समिति बनाएको थियो । छानबिन समितिले तयार पारेको प्रतिवेदनमा नफर्किएका १ सय ९१ जना र बिदा लिएर अध्ययन पूरा नगर्नेमा २ सय ७ जना गरी ३ सय ९८ प्राध्यापक छन् ।
छानबिन समितिले बिदामा गएर नफर्किनएका प्राध्यापकबाट रकम असुलका लागि पटक पटक सूचना निकालेर ताकेता गरिरहेको छ । यसरी ताकेता गर्दा पनि रकम फिर्ता नगर्नेहरूको नाम सार्वजनिक गर्ने तयारी गरिएको छ । समितिले छिट्टै अध्ययन प्रतिवेदन विश्वविद्यालयलाई बुझाउने जनाएको छ । एक जना प्राध्यापकले कम्तीमा १० लाख रुपैयाँदेखि बढीमा ५० लाख रुपैयाँसम्म फिर्ता गर्नुपर्ने देखिएको विश्वविद्यालयले जनाएको छ ।

# बजेटमा पनि परेन कमला पुल, सिरहा–धनुषामा बढ्यो आक्रोश

**मधेशदृष्टि**
**सिरहा ।**
पूर्व–पश्चिम हुलाकी राजमार्गअन्तर्गत कमला नदीमाथि निर्माणाधीन बहुप्रतीक्षित पुल वर्षौंदेखि अधुरै रहँदा सिरहा र धनुषाका बासिन्दामा सरकारप्रति असन्तोष चुलिएको छ । आगामी आर्थिक वर्ष २०८३/०८४ को संघीय बजेटमा समेत पुल निर्माणका लागि स्पष्ट रूपमा रकम विनियोजन नभएपछि स्थानीय तहमा निराशा र आक्रोश थप बढेको हो । करिब डेढ दशकअघि सुरु गरिएको पुल निर्माण कार्य अझै सम्पन्न हुन सकेको छैन । निर्माण कम्पनीको ढिलासुस्ती, प्रशासनिक जटिलता तथा प्राकृतिक विपत्तिका कारण आयोजना लामो समयदेखि अलपत्र अवस्थामा छ । पछिल्ला वर्षमा आएको बाढीले संरचनामा क्षति पु¥याएपछि निर्माण कार्य झन् सुस्त बनेको छ । हाल सीमित मर्मत र अस्थायी व्यवस्थामार्फत मात्रै आवतजावत सञ्चालन भइरहेको छ । स्थानीयवासी रामबाबु साहका अनुसार पुल सञ्चालनमा आएको भए सिरहाबाट धनुषा पुग्न करिब ३० मिनेट लाग्थ्यो । तर अहिले वैकल्पिक मार्ग प्रयोग गर्दा दुईदेखि तीन घण्टासम्म समय खर्चिनुपर्ने बाध्यता छ । डाइभर्सन बाढीले बगाएपछि आवागमन अझ कठिन बनेको उनको भनाइ छ । बाढीका बेला दुर्घटनाको जोखिम उच्च रहने र विगतमा सवारीसाधन तथा यात्रु नदीमा फस्ने घटनासमेत भएको उनले बताए । स्थानीयका अनुसार



हरेक निर्वाचनमा नेताहरूले कमला पुल निर्माणको प्रतिबद्धता जनाएपनि व्यवहारमा कुनै प्रगति देखिएको छैन । सिरहा नगरपालिका–५ का जुगेश्वर झाखरेलले प्रधानमन्त्रीदेखि मन्त्रीसम्मले पटक–पटक स्थलगत निरीक्षण गरे पनि पुल निर्माणले गति लिन नसकेको आरोप लगाए । २०७४ यता भएका उच्चस्तरीय अनुगमन र भ्रमण पनि आश्वासनमै सीमित भएको उनको भनाइ छ ।
वि.सं. २०६८ जेठ ३१ गते पप्पु–लुम्बिनी जेभीले २४ करोड ९० लाख ९७ हजार रुपैयाँ लागतमा ४६९.२ मिटर लामो पुल निर्माणको ठेक्का पाएको थियो । तर निर्धारित समयमै काम सम्पन्न हुन नसक्दा आयोजना अझै अधुरै छ । २०७८ सालको बाढीले संरचनामा थप क्षति पुर्‍याएपछि समस्या झन् जटिल बनेको थियो । नयाँ राजनीतिक नेतृत्वबाट स्थानीयले ठूलो अपेक्षा गरेका थिए । तर हालै सार्वजनिक बजेटमा पुल निर्माणबारे स्पष्ट व्यवस्था नदेखिएपछि उनीहरू निराश बनेका छन् । स्थानीयका अनुसार सरकारले हुलाकी सडकअन्तर्गत आठवटा पुल निर्माण गर्ने घोषणा गरे पनि कुन–कुन पुललाई प्राथमिकता दिइएको हो भन्ने खुलाइएको छैन । कमला पुललाई लक्षित गरी बजेट छुट्याइएको भए जनतामा आशा जाग्ने अवस्था रहने उनको भनाइ छ । पुल निर्माणको माग गर्दै स्थानीयहरू आन्दोलनमा समेत उत्रिएका छन् । जेठ १८ गते जनकपुरधामस्थित मधेश प्रदेशसभा अगाडि प्रदर्शन गर्दै उनीहरूले नयाँ कमला पुल निर्माण तत्काल सुरु गर्न माग गरेका थिए । प्रदर्शनकारीहरूले संघ र प्रदेश सरकार दुवैको भूमिकाप्रति प्रश्न उठाउँदै नाराबाजी गरेका थिए । सिरहा नगरपालिका–६ का अध्यक्ष इन्द्रजित यादवले प्रदेश सरकारले पनि पुल निर्माणलाई प्राथमिकतामा नराखे चरणबद्ध आन्दोलनलाई सशक्त बनाइने चेतावनी दिएका छन् । 'संघ सरकारले बेवास्ता गरिरहेको छ, प्रदेश सरकारले पनि आनाकानी गरे अब निर्णायक आन्दोलन हुन्छ,' उनले भने ।
'हुलाकी कमला संघर्ष समिति'का संयोजक इन्जिनियर प्रविण कुमार यादवका अनुसार पुल निर्माणको विषयमा प्रदेश सभामुख रामआशिष यादव, मुख्यमन्त्री कृष्णप्रसाद यादव तथा विभिन्न दलका सांसदलाई ज्ञापनपत्र बुझाएर आवश्यक पहलका लागि आग्रह गरिएको छ । यद्यपि केही सांसदहरूले हुलाकी मार्गअन्तर्गत छुट्याइएको बजेटभित्र कमला पुल समेटिएको दाबी सामाजिक सञ्जालमार्फत गरिरहेका छन् । स्थानीयवासीको निष्कर्ष स्पष्ट छ पुरानो संरचनाको सामान्य मर्मत दीर्घकालीन समाधान होइन । सिरहा र धनुषालाई सुरक्षित तथा सहज रूपमा जोड्ने नयाँ कमला पुल निर्माण अब तत्काल आवश्यक रहेको उनीहरूको जोड छ ।

# साङ्गठानिक सुदृढीकरणलाई प्राथमिकतामा राख्न निर्देशन



**काठमाडौँ ।**
प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले साङ्गठानिक शुद्धीकरण एवं सुदृढीकरणलाई प्राथमिकतामा राखेर जिम्मेवारी बहन गर्न प्रहरी अधिकृतहरुलाई निर्देशन दिएका छन् ।
हालै सरूवा भई आ–आफ्नो कार्यक्षेत्रमा जान लाग्नुभएका प्रहरी वरिष्ठ उपरीक्षकलाई बुधबार प्रहरी प्रधान कार्यालयमा निर्देशन दिँदै उनले प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी पारदर्शी, समयसापेक्ष एवं नागरिकमैत्री सेवाभावका साथ नतिजामुखी कार्यसम्पादन गर्न आग्रह गरे ।
महानिरीक्षक अर्यालले आफूलाई प्राप्त जिम्मेवारी पूर्ण व्यावसायिक, जनमुखी, इमानदारी एवं निष्ठापूर्वक सम्पादन गर्न निर्देशन दिए ।
त्यसअवसरमा मानवस्रोत विकास विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारी, अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशीलसिंह राठौर र कार्य विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक उमाप्रसाद चतुर्वेदीले पदीय जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्न अनुरोध गरे ।

# मधुबनीका डीएम शर्मा पिपरौन जटही सडकको अवलोकनमा

**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**
मधुबनीका युवा डीएम आनन्द शर्माले पिपरौनदेखि जटही सीमा सडक चौडा पार्ने कामको स्थलगत निरीक्षण गरेका छन् । उनले सडक चौडा पार्ने प्रस्ताव सिफारिसका लागि बिहार सरकारको सडक निर्माण विभागमा पेश गरिने बताए । यसअघि, उनले जीर्ण वन लेनको सडक निर्माणको व्यक्तिगत रूपमा पहल गरेका थिए ।
जनकपुरधामबाट पिपरौनदेखि जटही सीमा सडक जनकपुरधामको जीवनरेखा हो । जानकी मन्दिरको दर्शन गर्न मधुबनी, दरभंगा, सहरसा, सुपौल र पूर्णिया जस्ता जिल्लाहरूको लागि यो सबैभन्दा सजिलो मार्ग हो, र यो व्यावसायिक दृष्टिकोणबाट पनि महत्त्वपूर्ण छ । ढल्केवरदेखि जटहीसम्मको छ लेनको सडक



नेपालका पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधिको प्रयासबाट निर्माण गरिएको हो । जटही सीमाबाट जनकपुरधामसम्म दैनिक सैयौँ चारपाङ्ग्रे सवारी साधन र बाइकहरू आवत जावत गर्छन । सडक साँघुरो भएका कारण बस र ट्रकहरूलाई साइड लिन गाह्रो हुन्छ । जसका कारण लामो ट्राफिक जाम हुन्छ । दुई वर्षअघि पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधिले नयाँ दिल्लीमा केन्द्रीय भू–परिवहन मन्त्री नीतिन गडकरीलाई भेटेर पिपरौनदेखि जटहीसम्मको चार लेनको सडकको बारेमा लिखित जानकारी गराएका थिए । मन्त्रीले पनि आश्वासन दिएका थिए । तर अहिलेसम्म यसबारे कुनै पहल भएको छैन ।जानकी मन्दिरका उत्तराधिकारी महन्त राम रोशन दास वैष्णव, जनकपुरधामका मेयर मनोज कुमार साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी र अन्य विशिष्ट व्यक्तिहरूले मधुबनीका डीएम शर्माले गरेको पहलप्रति खुशी व्यक्त गरेका छन् ।

# धनुषामा जलजन्य विपद् व्यवस्थापन पूर्वाभ्यास

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा जलजन्य विपद् व्यवस्थापनसम्बन्धी पूर्वाभ्यास कार्यक्रम सम्पन्न गरिएको छ ।
श्री विष्णुदल गणको आयोजनामा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय धनुषा, सशस्त्र प्रहरी बल नेपाल नं. ८ गण, नेपाल रेडक्रस सोसाइटी जनकपुर तथा एनसीसी एलुम्नाइको संयुक्त सहभागिता रहेको थियो ।
मनसुनका बेला मधेस प्रदेशका जिल्लाहरूमा बाढी, डुबान तथा जलजन्य विपद्का घटना दोहोरिरहने भएकाले सम्भावित जोखिम न्यूनीकरणका लागि पूर्वतयारीस्वरूप अभ्यास सञ्चालन गरिएको आयोजकले जनाएको छ ।
कार्यक्रममा बोल्दै धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले हरेक वर्ष आउने बाढी र डुबानले मानवीय तथा भौतिक क्षति पु¥याउँदै आएको उल्लेख गर्दै विपद्को समयमा नागरिकको उद्धार तथा सुरक्षा सुनिश्चित गर्न यस्ता अभ्यास आवश्यक रहेको बताए । उनले विपद् प्रतिकार्य क्षमता अभिवृद्धि, जोखिम न्यूनीकरण तथा उद्धार कार्यमा संलग्न जनशक्तिको तयारी र क्षमता परीक्षणका लागि पूर्वाभ्यास प्रभावकारी हुने धारणा राखे ।
खिलेन्द्रराज आमगाईंको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय जनप्रतिनिधि, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, रेडक्रसकर्मी तथा उद्योग वाणिज्य संघका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# बालक अपहरण प्रयासका फरार प्रतिवादी रौतहटबाट पक्राउ

**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्ला प्रहरी कार्यालय महोत्तरीले बालक अपहरणसम्बन्धी मुद्दाका एक फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।
प्रहरीका अनुसार पक्राउ पर्नेमा सिरहाको गढीमाई नगरपालिका–७ निवासी २३ वर्षीय नवराज अधिकारी रहेका छन् ।
गत वैशाख ७ गते दिउँसो करिब २ बजे महोत्तरीबाट तीन जना अज्ञात व्यक्तिले नम्बर नखुलेको मोटरसाइकलमा एक ८ वर्षीय बालकलाई राखेर अपहरण गरी लैजाने प्रयास गरेका थिए । बालकले चिच्याएर गुहार मागेपछि स्थानीयवासीले मोटरसाइकल रोक्न खोजेका थिए । स्थानीयको प्रतिरोधपछि अपहरणकारीहरूले बालकलाई बीच बाटोमै छाडेर फरार भएका थिए । घटनापछि प्रहरीले अनुसन्धान अघि बढाउँदै वारदातमा प्रयोग भएको ना ६४ प ७९९० नम्बरको मोटरसाइकल बरामद गरेको थियो ।प्रहरीले घटनामा संलग्नमध्येका नवराज अधिकारीलाई गत जेठ १५ गते दिउँसो महोत्तरीबाट खटिएको टोलीले पक्राउ गरेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटको सहयोगमा उनलाई गौर नगरपालिका–५ स्थित हस्पिटल चोकबाट नियन्त्रणमा लिइएको थियो ।

# बरफ फ्याक्ट्रीमा करेन्ट लागेर एकजनाको मृत्यु

**रौतहट ।**
बौधिमाई नगरपालिका–५ कोपवाको बरफ फ्याक्ट्रीमा तार जोड्नेक्रममा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ ।
बौधिमाई नगरपालिका–५, कोपवाका धर्मलाल जयसवालका ३५ वर्षीय छोरा मनोहरलाल जयसवालको आज दिउँसो करेन्ट लागेर मृत्यु भएको हो ।
जयसवालको आफ्नै बरफ फ्याक्ट्रीमा तार जोड्ने क्रममा करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक वसन्त गौतमले जानकारी दिए ।
करेन्ट लागेर गम्भीर घाइते भएका जयसवाललाई उपचारका लागि प्रादेशिक अस्पताल गौरमा ल्याएको भए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरी नायब उपरीक्षक गौतमले बताए । जयसवालको शव परीक्षणका लागि गौरस्थित प्रदेशिक अस्पतालमा राखिएको समेत उनले जानकारी दिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन